# संस्थागत रणनीतिक योजना

## आ.व. २०७६/७७ – २०८०/८१




अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल

२०७६

| | |
|---|---|
| प्रकाशक | : **अख्तियार दुरुपयोग अनुसन्धान आयोग**<br>टङ्गाल, काठमाडौं । |
| प्रकाशन मिति | : मङ्सिर, २०७६ |
| पृष्ठ संख्या | : ४८ |
| प्रकाशित संख्या | : १५०० |
| सर्वाधिकार | : प्रकाशकमा निहित |
| मुद्रण | : अरोमा मिडिया प्रा.लि., अनामनगर<br>काठमाडौं । |
| आवरण तथा लेआउट | : हरिकिशोर यादव/संजिबरत्न बज्राचार्य |
| वेबसाइट | : www.ciaa.gov.np |
| इमेल | : info@ciaa.gov.np |

# मन्तव्य

राष्ट्रिय विकास र सार्वजनिक सेवामा जनताको सहज एवं सरल पहुँच हुने गरी भ्रष्टाचार न्यूनीकरण गर्ने लक्ष्य लिई आगामी पाँच वर्षभित्र सम्पादन गर्ने क्रियाकलापहरूको मार्गचित्रका रुपमा प्रस्तुत अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संस्थागत रणनीतिक योजना (२०७६।७७-२०८०।८१) तर्जुमा गरिएको छ । नेपालको संविधानले सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान र अभियोजन गर्ने कार्य जिम्मेवारी आयोगलाई प्रदान गरेको हुँदा उक्त संवैधानिक जिम्मेवारीलाई दक्षता, प्रभावकारिता र जनअपेक्षानुरुप पूरा गर्नका लागि प्रस्तुत रणनीतिक योजनाले दिशानिर्देश गर्नेछ भन्ने आयोगले विश्वास लिएको छ ।



अख्तियार दुरुपयोग अनुसन्धान आयोग स्थापनाको करिब तीन दशकको अवधिमा विभिन्न आरोह अवरोहका बीच भ्रष्टाचार नियन्त्रणका लागि निरन्तर क्रियाशील रहँदै आएको छ । यसै सिलसिलामा विगतका कमीकमजोरीको मूल्याँकन एवं आगामी अवसर र चुनौतीहरूको विश्लेषण गरी भ्रष्टाचारजन्य प्रवृत्तिमाथि निर्मम प्रहार गर्ने दृढता लिई यो रणनीति तर्जुमा गरिएको छ । भ्रष्टाचार नियन्त्रण र सदाचार प्रवर्द्धनबाट मात्रै नेपालको संविधानले लिएको सुशासन स्थापना गर्ने नीति तथा जनताको विकास र समृद्धिको अभिलाषा पूरा हुन सक्दछ । राज्यले लिएको सदाचार, सुशासन र समृद्धिको लक्ष्यमा योगदान पुर्‍याउनका लागि आयोगले यस संस्थागत रणनीतिमार्फत नियोजितरुपमा रणनीति र प्राथमिकताका आधारमा भ्रष्टाचार नियन्त्रणका सार्थक प्रयासहरूलाई अगाडि बढाउने संकल्प गरेको छ ।

प्रविधिको विकाससँगै नयाँ नयाँ स्वरुप, शैली र प्रवृत्तिका भ्रष्टाचारका घटनाहरू उजागर भइरहको हुँदा यस्ता नवीन प्रवृत्तिहरूको सामना गर्नका लागि समेत रणनीतिक रुपमा भ्रष्टाचारका प्रयासहरूलाई दिशानिर्देश गर्नुपर्ने आवश्यकता महशुस भएको छ । साथै, संस्थागत भ्रष्टाचारलाई नियन्त्रण गर्न व्यक्तिगत रुपमा सार्वजनिक पदाधिकारीमाथि गरिने कारबाहीका साथसाथै संस्थागत सुधारका कार्यक्रमहरू समेत अगाडि बढाउनुपर्ने आवश्यकता रहेको छ । यसैगरी, आवधिक योजना, भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (UNCAC) एवं दिगो विकास लक्ष्य (२०१६-२०३०) सँग तादात्म्यता कायम हुने गरी भ्रष्टाचार न्यूनीकरणका प्रयासहरूलाई एकीकृत र समन्वयात्मक रुपमा अगाडि बढाउनु जरुरी देखिएको छ । भ्रष्टाचारका परिवर्तित प्रवृत्तिमाथि नियन्त्रण, भ्रष्टाचार नियन्त्रणप्रतिको अन्तर्राष्ट्रिय प्रतिवद्धता एवं सार्वजनिक निकायहरूको संस्थागत सुधारका पक्षहरूलाई समेत सम्बोधन गर्न उपयुक्त रणनीति, नीति तथा कार्यनीति समावेश गरी प्रस्तुत रणनीति तर्जुमा गरिएको छ ।

यस रणनीतिक योजनामा भ्रष्टाचार न्यूनीकरण गर्ने उद्देश्यले उपचारात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक र संस्थागत क्षमता विकास गरी चार किसिमका रणनीतिहरू अवलम्बन गरिएको छ । उक्त

रणनीतिहरूलाई व्यवहारमा उतार्न नीति एवं कार्यनीतिहरू पहिचान गर्नुका साथै स्पष्ट कार्यान्वयन योजना, नतिजा खाका, अनुगमन तथा मूल्याँकन ढाँचा एवं जोखिम न्यूनीकरणका उपाय समेत समावेश गरिएको छ । यस रणनीतिक योजनाले अंगिकार गरेको रणनीति, नीति, कार्यनीति र कार्यान्वयन योजनाको प्रभावकारी कार्यान्वयनबाट भ्रष्टाचार न्यूनीकरणमा उल्लेखनीय उपलब्धि हासिल हुने विश्वास लिएको छु ।

प्रस्तुत संस्थागत रणनीतिक योजनालाई आयोगका बार्षिक नीति तथा कार्यक्रमहरूमा रुपान्तरण गरी क्रमिक रुपमा कार्यान्वयन गरिनुका साथै रणनीति कार्यान्वयनका लागि आवश्यक कार्यविधि, निर्देशिका एवं मापदण्डहरू समेत तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गरिनेछ । यस रणनीतिको सफल कार्यान्वयन गर्नमा आयोग परिवारको साथसाथै सम्पूर्ण सार्वजनिक निकाय, गैरसरकारी संघसंस्था, नागरिक समाज, सञ्चार जगत, विकास साझेदार लगायत सबै सरोकारवालाको सद्भाव र सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा गरेको छु र आयोग स्वयं यसको पूर्ण कार्यान्वयनमा प्रतिवद्ध रहने विश्वास समेत दिलाउन चाहन्छु ।

अन्त्यमा, यस रणनीतिक योजनाको तर्जुमा गर्ने कार्यमा अमूल्य योगदानका लागि सचिव डा. तिर्थराज ढकाल, पूर्वसचिवद्वय प्रतापकुमार पाठक एवं पूर्णचन्द्र भट्टराई, विज्ञ डा. दिनेश पन्त, स्वशासन अध्ययन प्रतिष्ठानका साथै रणनीतिको मस्यौदाउपरको छलफलमा सहभागी भई महत्वपूर्ण पृष्ठपोषण प्रदान गर्नुहुने नेपाल सरकारका सचिवहरू, आयोगका भूतपूर्व पदाधिकारीहरू, विज्ञहरू, विभिन्न सञ्चार माध्यमका प्रधान सम्पादक एवं सम्पादकहरू, नागरिक समाजका विभिन्न व्यक्तित्वहरु र भ्रष्टाचार नियन्त्रणमा क्रियाशील अभियन्ताहरुमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु । आयोगका पदाधिकारी, सचिव, महाशाखा प्रमुख, कार्यालय प्रमुख एवं नीति, योजना तथा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखाका कर्मचारीलाई यस रणनीतिको तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता र क्रियाशीलताका लागि धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।




नवीनकुमार घिमिरे

प्रमुख आयुक्त

# विषय सूची

खण्ड १: परिचय

*१.१ पृष्ठभूमि* ........................................ १

*१.२ अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था* .......... २

*१.३ भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका* .......... ३

*१.४ संस्थागत रणनीतिको तर्जुमा प्रक्रिया* .......... ४

*१.५ संस्थागत समन्वय र प्रभावकारिता* .......... ५

*१.६ रणनीतिक योजनाको अवधारणा* .......... ६

खण्ड २: भ्रष्टाचारको वर्तमान अवस्थाको विश्लेषण

*२.१ पृष्ठभूमि* .......... ८

*२.२ भ्रष्टाचारको वर्तमान अवस्था* .......... ८

*२.३ तेस्रो रणनीतिक योजनाको समीक्षा* .......... ९

*२.४ आयोगको विशेष प्रयास र उपलब्धि* .......... १०

*२.५ सरोकारवाला विश्लेषण* .......... ११

*२.६ संस्थागत विश्लेषण* .......... १४

*२.७ समीक्षा तथा विश्लेषणबाट प्राप्त नतिजा* .......... १५

*२.८ संस्थागत मूल्य मान्यता र रणनीतिक आधारहरु* .......... १६

खण्ड ३: रणनीतिक योजना

*३.१ दूरदृष्टि, लक्ष्य र उद्देश्य* .......... १७

*३.२ रणनीति* .......... १७

*३.३ नीति तथा कार्यनीति* .......... १९

*३.४ अपेक्षित उपलब्धि* .......... २४

खण्ड ४ : परिवर्तनको सिद्धान्त र नतिजा खाका

*४.१ पृष्ठभूमि* ........ २५

*४.२ नतिजा खाका* ........ २५

खण्ड ५: रणनीति कार्यान्वयन

*५.१ कार्यान्वयनको दृष्टिकोण र उपाय* ........ २८

*५.२ कार्यान्वयन योजना* ........ २९

*५.३ सम्भाव्य जोखिमको विश्लेषण तथा व्यवस्थापन* ........ ३४



खण्ड ६: अनुगमन तथा मूल्यांकन

*६.१ कार्यान्वयन क्षमता (Implementation Capacity)* ........ ३६

*६.२ अनुगमनको तरिका र जिम्मेवारी* ........ ३६

*६.३ आवधिक समीक्षा* ........ ३८

*६.४ सक्षमताको सुनिश्चितता* ........ ३९

*६.५ प्रतिवेदन* ........ ३९

*६.६ मूल्यांकन विधि र प्रक्रिया* ........ ३९

*६.७ अपेक्षा* ........ ४०

# खण्ड १: परिचय

## *१.१ पृष्ठभूमि*



नेपालको संविधानले संवैधानिक निकायका रुपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको व्यवस्था गरेको छ । सार्वजनिक पदधारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा आयोगले कानुनबमोजिम अनुसन्धान तहकिकात गर्ने एवं अनुसन्धानबाट सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले कानुनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा मुद्दा दायर गर्न/गराउन सक्ने संवैधानिक व्यवस्था रहेको छ । सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने कुरा संविधानमा उल्लेख छ, जसबाट सुशासन स्थापनाका लागि भ्रष्टाचार नियन्त्रणको महत्व सुस्पष्ट हुन्छ ।

मुलुकमा सुशासन कायम गर्ने विषय सरकारले प्राथमिकतामा राखेको छ । आवधिक योजनाहरुमा भ्रष्टाचार नियन्त्रण र सुशासनसम्बन्धी नीति र कार्यनीतिहरु समावेश हुँदै आएका छन् । चौधौं योजना (आ.व. २०७३/७४-२०७५/७६) ले हेलो सरकार, गुनासो व्यवस्थापन, भ्रष्टाचार विरूद्धको कार्ययोजना, विकास आयोजनाको नतिजामा आधारित व्यवस्थापन प्रणाली, राष्ट्रसेवक कर्मचारीहरूको आचारसंहिता परिपालना जस्ता कार्यहरू थप प्रभावकारिताका साथ कार्यान्वयन गर्ने नीति लिएको थियो ।

पन्ध्रौं योजनाको आधारपत्र (आ.व. २०७६/७७-२०८०/८१) ले पनि सदाचारयुक्त समाज निर्माण गर्ने सोचका साथ भ्रष्टाचारजन्य कार्य नियन्त्रण गरी मर्यादित एवम् स्वच्छ समाज निर्माण गर्ने लक्ष्य लिएको छ जसको उद्देश्य भ्रष्टाचारजन्य कार्यको प्रभावकारी नियन्त्रणका माध्यमबाट मुलुकमा सुशासनको प्रत्याभूति दिलाउने रहेको छ । यसका लागि आधारपत्रले विद्यमान नीति र कानुनमा समयानुकूल परिमार्जन तथा कार्यान्वयन गर्ने, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलतासहित सदाचारयुक्त समाज निर्माण गर्ने, भ्रष्टाचारविरुद्धका चेतनामूलक, निरोधात्मक एवम् दण्डात्मक कामकारबाहीलाई प्रभावकारी बनाउने, सार्वजनिक सेवामा लाग्ने खर्च, समयावधि तथा प्रक्रिया एवम् कार्यविधिको सम्बन्धमा स्पष्टता ल्याई सार्वजनिक सेवालाई जवाफदेही एवम् पारदर्शी बनाउने र सार्वजनिक, निजी, गैरसरकारी, सहकारी, बैंकिङ क्षेत्रमा हुने आर्थिक अनियमितताको नियन्त्रण गरी निजी क्षेत्रको सेवाप्रवाहलाई गुणस्तरीय एवम् सेवामूलक बनाउने जस्ता रणनीति अंगीकार गरेको छ। आधारपत्रले योजनाको अन्त्यमा भ्रष्टाचार अनुभूति सूचकाङ्क ३१ बाट ४१ मा पुगेको हुने, राज्यका हरेक तहमा सदाचार प्रवर्द्धन भएको हुने तथा भ्रष्टाचारजन्य कार्य नियन्त्रण भई "समृद्ध नेपाल सुखी नेपाली"को दीर्घकालीन लक्ष्य हासिल गर्नमा योगदान पुग्ने अपेक्षा गरेको छ।

नेपालले सन् २००३ मा हस्ताक्षर गरेको भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (UNCAC) लाई सन् २०११ मा अनुमोदन गरिसकेको छ । जस अनुसार नेपालले पारस्परिक कानूनी सहायता, सूचनाको हक, सार्वजनिक खरिद तथा सुशासनसम्बन्धी कानुन तर्जुमा गरी लागू गरिसकेको छ । भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिले भ्रष्टाचारको रोकथामका उपायहरु, अपराधीकरण र कानुनी उपचार, अन्तर्राष्ट्रिय सहयोग, सम्पत्ति फिर्ता, प्राविधिक सहायता तथा सूचना आदानप्रदान, कार्यान्वयनको संयन्त्रसम्बन्धी प्रावधान लगायतका आठ वटा विषय र एकहत्तर वटा दफामा भ्रष्टाचारविरुद्ध काम गर्नुपर्ने गरी व्यवस्था गरेको छ । नेपाल सरकारले भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६९ समेत तर्जुमा गरी

कार्यान्वयनमा ल्याएको छ । यस कार्ययोजनामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका र जिम्मेवारीलाई स्पष्ट रूपमा उल्लेख गरिएको छ ।

दिगो विकास लक्ष्य (२०१६-२०३०) को लक्ष्य नं. १६ अन्तर्गत राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा कानूनको शासनको प्रवर्द्धन गर्ने र न्यायमा सबैको समान पहुँच सुनिश्चित गर्ने, सन् २०३० सम्ममा अवैध वित्तीय र हातहतियारहरुको प्रवाह पर्याप्त रुपमा कम गर्ने, चोरीको सम्पत्ति प्राप्त गरेर फिर्ता गर्ने कार्यलाई बलियो पार्ने तथा सबै खाले संगठित अपराधको अन्त्य गर्ने तथा सबै प्रकार/स्वरुपका भ्रष्टाचार/घूसखोरीलाई उल्लेख्य रुपमा घटाउने परिमाणात्मक लक्ष्य लिइएका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले संविधानप्रदत्त अधिकार तथा जिम्मेवारी र राष्ट्रिय प्राथमिकता अनुसार कार्यसम्पादन गर्दै आएको छ । आयोगका कामकारबाहीहरु मूलतः नेपालको संविधान, संविधानले निर्दिष्ट गरेका निर्देशक सिद्धान्त तथा नीति एवं यसले प्रदान गरेका अधिकारहरुबाट निर्देशित छन् । साथै, आयोगले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५९ एवम् अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ ले निर्दिष्ट गरेका कानूनी व्यवस्थाका आधारमा कार्यसम्पादन गर्दै आएको छ । आफ्नो कार्यसम्पादनलाई व्यवस्थित गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७३ का साथै अनुसन्धान र अभियोजनसम्बन्धी नीति, निर्देशिका तथा कार्यविधिहरु एवम् अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पदाधिकारी एवं कर्मचारीको आचारसंहिता, २०७६ तर्जुमा गरी लागु गरिएका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग स्थापनाकालदेखि नै सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणका लागि उपचारात्मक (दण्डात्मक), निरोधात्मक तथा प्रवर्द्धनात्मक कार्यहरूलाई निरन्तरता दिँदै सार्वजनिक सरोकारका अनियमितताका विषय उपर छानबिन गरी अनुसन्धानको दायरामा ल्याउने र स्वेच्छाचारी ढंगले अधिकारको दुरुपयोग गरी आफ्नो स्वार्थसिद्ध गर्न खोज्ने उपरको निगरानी, खबरदारी र कारबाहीलाई सशक्त बनाउने कार्यमा निरन्तर लागि परेको छ । भ्रष्टाचारविरुद्ध आफ्नो संस्थागत क्रियाकलापहरु योजनावद्ध र व्यवस्थित रुपमा सञ्चालन गर्न आयोगले वि.सं. २०७० सालमा छ वर्षे संस्थागत रणनीति (सन् २०१४-२०१९) तर्जुमा गरी लागू गरेको थियो । आयोगले आफ्नो संस्थागत क्षमता विकासका लागि आर्थिक वर्ष २०७६/७७ देखि पांच वर्षका लागि यो रणनीतिक योजना तर्जुमा गरेको हो ।[1] आयोगको यस अघि कार्यान्वयन गरिएका संस्थागत रणनीतिको मूल्याङ्कनबाट देखिएका सवल पक्षलाई थप सुदृढ तुल्याउने, दुर्वल पक्षलाई सुधार गर्ने, कमीकमजोरीलाई हटाउने, अवसरको उपयोग गर्ने तथा चुनौतीहरूको सम्वोधन गर्नका लागि विभिन्न क्षेत्रबाट प्राप्त सुझाव एवम् पृष्ठपोषणसमेतलाई आधार मानी यो रणनीतिक योजना[2] (आ.व. २०७६/७७-२०८०/८१) तर्जुमा गरिएको छ । यस रणनीतिक योजना तर्कवद्ध खाकामा आधारित छ जसले दीर्घकालीन सोच र लक्ष्यसमेत स्पष्ट गरेको छ, रणनीतिक योजनाले उद्देश्य स्पष्ट गर्नुको साथै अपेक्षित नतिजा र नतिजा मापनका सूचकहरुसमेत निश्चित गरेको छ ।

## १.२ अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधानको धारा २३८ र २३९ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी व्यवस्था रहेको छ । संविधानको धारा २३८(१) मा नेपालमा एक अख्तियार दुरुपयोग अनुसन्धान आयोग रहनेछ जसमा प्रमुख आयुक्त र अन्य चार जना आयुक्तहरू रहनेछन् भन्ने उल्लेख गरिएको छ । यस्तै, संविधानको धारा २३९ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र

[1] तेस्रो रणनीतिको अवधि २०१४ जनवरीमा प्रारम्भ भई २०१९ डिसेम्बरमा समाप्त भएको हुँदा प्रस्तुत रणनीतिक योजना २०२० जनवरीदेखि लागु हुनेछ ।

[2] रणनीतिक योजना भनेको एउटा त्यस्तो दस्तावेज हो जसले कुनै पनि संगठनलाई त्यस संगठनको लक्ष्य, उद्देश्य तथा क्रियाकलाप वारे मार्गदर्शन गर्दछ । जसवाट योजना कार्यान्वयन गरी निर्धारित नतिजा प्राप्त गर्न सकिन्छ (क्याम्ब्रिज शव्दकोष) ।

अधिकारसम्बन्धी व्यवस्था गरिएको छ । कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानुनबमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ । तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानुनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारीको हकमा यो उपधारा लागू हुने छैन भन्ने संवैधानिक व्यवस्था रहेको छ । संविधानको धारा ५१ (ख) को राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी नीति (४) मा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने उल्लेख छ । यसैगरी धारा ५१ (ट) को न्याय र दण्ड व्यवस्थासम्बन्धी नीति (३) मा राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिकलगायत सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने उल्लेख रहेको छ । यसबाट आयोगलाई मुख्य अधिकारक्षेत्रका रुपमा अनुसन्धानात्मक र अभियोजनात्मक तथा सहयोगी अधिकारक्षेत्रका रुपमा प्रवर्द्धनात्मक, निरोधात्मक र संस्थागत सुधारात्मक कार्यक्षेत्राधिकार प्राप्त भएको छ ।



भ्रष्टाचार निवारण ऐन, २०५९ ले भ्रष्टाचारमा कसुर, दायरा र दण्डसजायसम्बन्धी व्यवस्था गरेको छ । यस ऐनले भ्रष्टाचारको अनुसन्धान, तहकिकात र मुद्दा दायरसम्बन्धी व्यवस्था एवं भ्रष्टाचारको निगरानीसम्बन्धी व्यवस्थासमेत गरेको छ । यसैगरी, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगले गर्ने अनुसन्धान र तहकिकात सम्बन्धमा आयोगको अधिकारक्षेत्र र कार्यप्रक्रियाहरु व्यवस्थित गरेको छ । साथै, विद्यमान ऐन, नियम, निर्णय, आदेश, कारबाही वा प्रचलनमा त्रुटि भए सुधार गर्न सुझाव दिने वा आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने जिम्मेवारीसमेत आयोगलाई दिइएको छ । यसैगरी, भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले प्रवर्द्धनात्मक एवं निरोधात्मक कार्यहरू गर्ने एवं भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय, आपसी सहयोग र सम्बन्ध सुदृढ गर्नेलगायतका कार्य गरी सुशासन कायम गर्न र सार्वजनिक सेवामा प्रभावकारिता ल्याउनका लागि थप दायित्वसमेत आयोगलाई सुम्पेको छ ।

यसअघिको संवैधानिक व्यवस्थामा आयोगको अधिकारक्षेत्रभित्र अनुचित कार्यको रोकथामको विषय समावेश भएकोमा हालको संवैधानिक व्यवस्थाले सो विषय समावेश नगरेको हुंदा आयोगको कार्यक्षेत्रमा केही संकुचन आएको छ ।

## *१.३ भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका*

मुलुकमा आर्थिक, सामाजिक तथा राजनीतिक सुधारलगायत सदाचार र सुशासन कायम गर्नमा भ्रष्टाचार प्रमुख बाधकको रुपमा रहदै आएको छ । त्यसैले यसलाई रोकथाम, नियन्त्रण वा न्यूनीकरण गर्दै जानु पर्दछ । जवसम्म भ्रष्टाचारलाई रोकथाम र नियन्त्रण गर्न सकिदैन, तवसम्म मुलुकले चाहेको सुशासन र आर्थिक समृद्धि सम्भव छैन ।

नेपालमा संविधानले नै अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई भ्रष्टाचार नियन्त्रणसम्बन्धी कार्य गर्ने प्रमुख जिम्मेवारी दिएको छ । भ्रष्टाचार नियन्त्रण सम्बन्धमा आयोगले उपचारात्मक, निरोधात्मक तथा प्रवर्द्धनात्मक गरी तीनै किसिमका कार्यजिम्मेवारीसहितको भूमिका निर्वाह गर्दै आएको छ ।[३] निरोधात्मक र प्रवर्द्धनात्मक कार्यहरु अन्य संघसंस्था तथा निकायहरुले समेत गर्दै

[३] अ दु अ आ. ऐन, २०४८ को दफा ३५ख (२) मा "भ्रष्टाचार वा अनुचित कार्य हुन नदिनका लागि निरोधात्मक उपायहरुको खोजी, अनुसन्धान र प्रक्रिया विकास तथा तत्सम्बन्धमा जानकारी अभिवृद्धि गर्न आयोगले आवश्यक ठानेका अख्तियार दुरुपयोग निवारणका प्रवर्द्धनात्मक कार्यहरु गर्न सक्नेछ" भन्ने उल्लेख छ ।

आएको भए तापनि उपचारात्मक पक्षमा कार्य गर्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोग नै प्रमुख संवैधानिक निकाय हो । भ्रष्टाचार सम्बन्धमा उजुरी लिने, प्राप्त उजुरीमाथि अनुसन्धान तहकिकात गर्ने र उचित प्रमाणका आधारमा कानुनबमोजिम सम्बन्धित अदालतमा बिगो जरिवाना किटानीसहित मुद्दा दायर गर्ने काम अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गर्दै आएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफूलाई सुम्पिएको कार्यलाई व्यवस्थित एवं परिणाममुखी बनाउन संस्थागत रणनीतिक कार्ययोजनाको तर्जुमा र कार्यान्वयन गरी निधारित लक्ष्य एवं उद्देश्य हासिल गर्नेतर्फ केन्द्रित रहँदै आएको छ ।

भ्रष्टाचारको रोकथाम तथा नियन्त्रण गर्ने प्रमुख जिम्मेवार निकायका रुपमा आयोगले भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको धारा ६ मा उल्लेख भए बमोजिमका जिम्मेवारी पूरा गर्ने दायित्वसमेत नेपालको सन्दर्भमा वहन गर्नुपर्ने हुन्छ । यसका लागि आयोगलाई स्वायत्तता, विशिष्ठीकृत सक्षमता, विशेषज्ञता र संस्थागत पूर्वाधारलगायत पर्याप्त साधनस्रोतको व्यवस्था आवश्यक पर्ने हुन्छ ।

अहिले विश्वमा बढिरहेको सूचना सञ्जालीकरण र आधुनिक प्रविधिको विकाससँगै भ्रष्टाचारको स्वरूप, तौरतरिका, प्रवृत्ति र आयाममा परिवर्तन हुँदै गैरहेको छ । सीमाहीन अपराधका रूपमा विस्तार हुँदै गएको भ्रष्टाचार कुनै अमुक समाज र राष्ट्रको मात्र नभएर अन्तर्राष्ट्रिय चासो र चुनौतीको विषय बन्न पुगेको छ । भ्रष्टाचार नियन्त्रणसम्बन्धी कार्य गर्न विभिन्न मुलुकहरुले फरक फरक विधिसहितको संस्थागत व्यवस्था र अभ्यास गरेको देखिन्छ । छिमेकी मुलुक भारतमा केन्द्रीय सतर्कता आयोग (Central Vigilance Commission, CVC) तथा बंगलादेश, भुटान र माल्दिभ्समा भ्रष्टाचार नियन्त्रण आयोग (Anti-Corruption Commission, ACC) भ्रष्टाचारविरुद्ध क्रियाशील रहेका छन्, जसले भ्रष्टाचारविरुद्ध उपचारात्मक/निरोधात्मक/प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्दछन् । त्यस्तै, एशियाली मुलुक सिंगापुरमा Corrupt Practices Investigation Bureau (CPIB), मलेशियामा Malaysian Anti-Corruption Commission (MACC), इन्डोनेशियामा Corruption Eradication Commission (KPK) सक्रिय रहेका छन्, जसले कर्मचारीको क्षमता अभिवृद्धिमा समेत जोड दिँदै भ्रष्टाचार नियन्त्रणमा प्रभावकारिता हासिल गरेका छन् । हङकङको Independent Commission Against Corruption (ICAC) ले पनि भ्रष्टाचार नियन्त्रणमा महत्वपूर्ण कार्य गरेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छिमेकी मुलुकका असल अभ्यासहरुबारे जानकारी लिँदै एक–अर्काबाट सिक्ने तथा सहकार्य र सहयोग अभिवृद्धि गर्ने नीति अंगिकार गरी भ्रष्टाचारको बदलिदो प्रवृत्तिलाई नियन्त्रण गर्ने प्रयास गर्दै आएको छ ।

## १.४ संस्थागत रणनीतिको तर्जुमा प्रक्रिया

यस रणनीति तर्जुमा गर्ने सिलसिलामा रणनीतिको अवधारणा निर्माण, सूचना र जानकारी संकलन र संयोजनको योजना र व्यवस्थापन, विश्लेषण र निष्कर्ष निकाल्ने क्रममा देहाय बमोजिमको विधि र प्रक्रिया अवलम्बन गरिएको छः

(क) सन्दर्भ सामग्रीको समीक्षा तथा सूचना सङ्कलन र विश्लेषण,
(ख) आयोगको कार्यसम्बन्धी विद्यमान अवस्था विश्लेषण,
(ग) आयोगमा सहभागितात्मक अन्तर्क्रिया गोष्ठी तथा बैठक सञ्चालन,
(घ) सरोकारवाला तथा सम्वद्ध संस्था विश्लेषण (Stakeholder Analysis),
(ङ) आयोगको सवल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौती विश्लेषण (SWOT Analysis),
(च) रणनीति तर्जुमा कार्यशाला गोष्ठी सञ्चालन,
(छ) मस्यौदा रणनीति लेखन,

(ज) सम्बन्धित निकाय, पदाधिकारी र विज्ञ समक्ष मस्यौदा रणनीतिको प्रस्तुति र सुझाव सङ्कलन,

(झ) प्राप्त सुझाव समावेश गरी रणनीतिको अन्तिम मस्यौदा तयारी र प्रस्तुति ।

## १.५ संस्थागत समन्वय र प्रभावकारिता

संवैधानिक तथा कानुनी व्यवस्था, राज्यका नियमनकारी निकायको स्थापना र स्रोत साधनको उपलव्धताले मात्र सुशासन प्रवर्द्धन र भ्रष्टाचार न्यूनीकरण सम्भव हुँदैन । यसका लागि सबै सरोकारवाला निकाय (सरकारी, गैरसरकारी, निजी, सहकारी, सामुदायिक, आमसञ्चार र राजनीतिक दल) बीच सार्थक समन्वय र सहकार्य तथा दृढ राजनीतिक इच्छाशक्ति एवं प्रतिवद्धता अपरिहार्य हुन्छ ।



सार्वजनिक निकायभित्र एवं बाहिर हुने आपसी स्वार्थ, लेनदेन तथा अनपेक्षित सम्बन्धका कारण भ्रष्टाचार हुने गर्दछ । हाल आएर भ्रष्टाचार कुनै एक व्यक्तिको एक्लो दुष्प्रयास भन्दा बढी सामूहिक वा व्यवस्थितरुपमा फष्टाउँदै गएकोले यसको प्रशासनिक, कानुनी तथा न्यायिक उपचार विधि पनि जटील बन्दै गएको छ । त्यसैले भ्रष्टाचारको सफल उपचारका लागि संवैधानिक आयोगका अलावा राज्यका तीनवटै अंगहरु र सम्बन्धित सबै संयन्त्र एवं निकायबीच प्रभावकारी संस्थागत समन्वय, साझेदारी एवं सहकार्यको खाँचो देखिएको छ ।

भ्रष्टाचारको प्रभावकारीरुपमा नियन्त्रण गरी सुशासन कायम गर्दै सामाजिक तथा आर्थिक विकासलाई गतिशीलता दिन राज्यका सबै अंगहरू र खासगरी सरकार र मातहतका निकाय, राजनीतिक नेतृत्व, निजी क्षेत्र, समाजका भ्रष्टाचार विरुद्ध सचेत नागरिकलगायत सबै सरोकारवालाहरूको सक्रिय एवं समन्वयात्मक सहकार्य अपरिहार्य हुन्छ । मुलुकको समग्र विकासका लागि राजनीतिक स्थायित्व, स्वस्थ राजनीतिक प्रतिस्पर्धात्मक प्रणाली तथा असल राजनीतिक संस्कारको आवश्यकता पर्दछ । भ्रष्टाचार नियन्त्रणका लागि राजनीतिक नेतृत्वले नीतिगत तथा नियमन कार्यमा ध्यान दिई अनुगमनको कार्यलाई सशक्त र प्रभावकारी बनाउने वातावरण सृजना गर्न सक्नु पर्दछ । भ्रष्टाचारजन्य कार्यमा संलग्न व्यक्तिलाई राजनीतिक संरक्षण दिने जस्ता विकृति हटाउनसमेत राजनीतिक नेतृत्व प्रतिवद्ध र सक्षम हुनुपर्दछ ।

मुलुकमा भ्रष्टाचार नियन्त्रण गर्ने तथा सुशासन कायम गर्ने प्राथमिक दायित्व राज्य व्यवस्थाको हो । भ्रष्टाचार नियन्त्रणका लागि आवश्यक नीतिगत, संस्थागत, संरचनागत र कार्यगत व्यवस्था मिलाउने प्रमुख जिम्मेवारी सरकारको नै हो । साथै, भ्रष्टाचार नियन्त्रणमा संलग्न सरकारी निकायहरू र गैरसरकारी तथा निजी क्षेत्रलगायतका सरोकारवाला पक्षबीच समन्वय गर्ने तथा संचालित कार्यहरूको संयोजन गर्ने जिम्मेवारी पनि सरकारकै हो । भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दिएको सुझावहरूको प्रभावकारी कार्यान्वयनमा समेत सरकारको महत्वपूर्ण भूमिका रहन्छ ।

नेपालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सार्वजनिक क्षेत्रको भ्रष्टाचारजन्य कार्यको अनुसन्धान, तहकिकात र अभियोजन गर्दछ भने महालेखा परीक्षकको कार्यालयले सार्वजनिक लेखापरीक्षणसम्बन्धी कार्य गर्दछ । यसका अतिरिक्त प्रधानमन्त्री तथा तथा मन्त्रिपरिषद्को कार्यालय, गृह प्रशासन, अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, महान्यायाधिवक्ताको कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालय, राजश्व अनुसन्धान विभाग, राष्ट्रिय सतर्कता केन्द्र जस्ता निकायहरु प्रत्यक्ष वा अप्रत्यक्षरुपमा भ्रष्टाचारको रोकथाम तथा नियन्त्रण गर्ने कार्यमा संलग्न छन् । एउटै उद्देश्य पूरा गर्न विभिन्न सरकारी निकायहरू परिचालन गरिंदा कतिपय सन्दर्भमा कार्यगत अस्पष्टता र काममा दोहोरोपना समेत आउने गर्दछ । त्यसैले यस्ता निकायबीच समन्वय र

सामञ्जस्य कायम हुनु आवश्यक देखिन्छ । नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल च्याम्बर अफ कमर्स र निजी क्षेत्रको भ्रष्टाचार रोकथाममा अप्रत्यक्ष सहयोग रहन्छ । संयुक्त राष्ट्रसंघीय निकायले विश्वव्यापीरुपमा भ्रष्टाचार नियन्त्रणका लागि समन्वयकारी र सहयोगी भूमिका खेल्दछन् । ट्रान्सपरेन्सी ईन्टरनेशनल लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु भ्रष्टाचार विरुद्ध जनमत सिर्जनामा संलग्न रहने गर्दछन् । यसैगरी भ्रष्टाचार नियन्त्रणका लागि अवलम्बन गरिने प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक रणनीतिअन्तर्गत विभिन्न निकायले सम्पादन गर्ने कार्यहरूमा स्पष्टरुपमा सहकार्य, साझेदारी र समन्वय हुन समेत आवश्यक देखिन्छ ।

## १.६ रणनीतिक योजनाको अवधारणा

रणनीतिले कुनै काम कसरी सम्पादन गर्ने र अपेक्षित नतिजा कसरी हासिल गर्ने भन्ने कुराको मार्गदर्शन गर्दछ । यसका लागि रणनीतिले क्षमता, अवसर र अपेक्षित नतिजा प्राप्तीबीच तालमेल संयोजन गर्दछ र क्षमताको अधिकतम उपयोग गरी प्रतिस्पर्धात्मक तवरले अधिकतम लाभ हासिल गर्न निर्देशित गर्दछ । कार्ययोजनाको तुलनामा रणनीति संक्षिप्त र कम निर्देशित हुन्छ । कार्ययोजनाले कुन, के, कहिले जस्ता कुरा तोकेको हुन्छ जुन कुरा रणनीतिमा नहुन सक्छ । रणनीतिले कसरी बर्तमान अवस्थावाट लक्ष्य सम्म पुगिन्छ भन्ने प्रश्नको संक्षिप्त जवाफ दिन्छ । राम्रो रणनीतिले उपलब्ध स्रोत साधन (जनशक्ति, वित्तीय, प्रविधि, उर्जा वा अन्य सामग्री) र आउन सक्ने अवरोध वा झेल्नुपर्ने व्यवधानलाई आंकलन गरेको हुन्छ । रणनीतिमा विषयपरक सोच वा दृष्टिकोण, धारणा वा कार्यदिशा र विषयपरक उद्देश्य र कार्यहरुबारे उल्लेख गरेको हुन्छ ।






सामान्यतया कुनै खास अवधारणा वा योजनाको लक्ष्य प्राप्तिका लागि विभिन्न रणनीति अवलम्बन गर्ने गरिन्छ जसमा सूचना आदानप्रदान, सहयोगमा वृद्धि, व्यवधान निरुपण, तथा स्रोतको उपलब्धतासम्बन्धी विषय मुख्यरुपमा पर्दछन् । रणनीतिक उद्देश्यले कुनैपनि अवधारणा वा योजनाको दृष्टिकोण वारे संकेत गरेको हुन्छ । जस्तो: उद्देश्य अनुसारको सफलता कसरी प्राप्त हुन्छ ? त्यसको विपरीत रणनीतिले सफलताको लागि कुन वाटो जानुपर्छ भन्ने विषयमा मार्गदर्शन गराउंछ । त्यसैले रणनीतिले कार्यान्वयनमा आउने विद्यमान परिस्थिति र प्रावधानहरु पार गरेर कसरी लक्ष्यमा पुग्ने भन्ने कुराको महशुश गराउंदछ ।



रणनीति तर्जुमा गर्दा देहायका विषयहरु मनन् गरिएका छन्:

- हामी अहिले कहा छौं ?
- के महत्वपूर्ण छ, के प्राप्त गर्ने र हामी कहां पुग्न चाहन्छौं ?
- हामी त्यहां कसरी पुग्न सक्छौं ?
- हामी कसरी प्रभावकारी बन्न सक्छौं, को जिम्मेवार छ ?
- हेरौं, समीक्षा गरौं र निरन्तर सुधार गर्दै अघि बढौं ।




यस संस्थागत रणनीतिक योजना तर्जुमा गर्दा देहायका आधारभूत पक्षमा विशेषरुपमा ध्यान दिइएको छ:

- समग्र पक्षको स्पष्ट दिशावोध गरेको,
- प्राप्त अवसर तथा स्रोत साधन सही तरिकाले पूर्ण उपयोग गरेको,
- वाधा, अवरोध र जोखिमको पूर्वानुमान गरी सोको समाधान गर्न उपाय पहिल्याएको,
- लक्षित वर्गसम्म पुगेको,
- सोच, लक्ष्य, उद्देश्य, रणनीति र नतिजाको बीचमा तादात्म्यता कायम गरेको ।

# खण्ड २: भ्रष्टाचारको वर्तमान अवस्थाको विश्लेषण

## २.१ पृष्ठभूमि



भ्रष्टाचार नियन्त्रण गर्न मुलुकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत अन्य निकायहरुसमेत कार्यरत रहेका छन् । संविधान र ऐननियमले निर्देशन गरेबमोजिम भ्रष्टाचारका विरुद्ध सम्बद्ध सबै निकायले आफ्नो तवरबाट कामकारबाही गर्दै आएका छन् । भ्रष्टाचार विश्वव्यापी समस्या भएकोले यसका विरुद्ध विभिन्न अन्तर्राष्ट्रिय प्रतिवद्धता र सहकार्य पनि हुँदै आएको छ । यद्यपि, विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाले प्रकाशन गर्ने प्रतिवेदन र सूचकाङ्कले र आयोग स्वयंले गरेको सर्वेक्षण/अध्ययनले नेपालमा भ्रष्टाचार विद्यमान रहेको देखाउँछ । भ्रष्टाचारजन्य कार्यउपर अनुसन्धान र अभियोजन गर्ने संवैधानिक जिम्मेवारी स्वरुप आयोगले आफ्नो विगतको कामकारबाहीको समीक्षा गरी भ्रष्टाचार विरुद्धको कारबाही थप प्रभावकारी बनाउन नयाँ व्यवस्था सुहाउँदो र समयसापेक्ष रणनीति तयार गर्नु जरुरी छ ।

## २.२ भ्रष्टाचारको वर्तमान अवस्था

भ्रष्टाचारको अवस्था वस्तुपरकरुपमा मापन गर्ने कार्य सहज नभएतापनि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भ्रष्टाचारको मापन गर्ने प्रयासहरु भएका छन् । अन्तर्राष्ट्रिय प्रयाससँगै नेपालमा पनि भ्रष्टाचारको अवस्था बुझ्न आयोगको प्रयासमा अनुभूति सर्वेक्षण/अध्ययन भएका छन् । अन्तर्राष्ट्रिय संस्थाले निकालेको सूचकाङ्क र आयोगको आफ्नै सर्वेक्षण/अध्ययनबाट पनि मुलुकमा भ्रष्टाचार नियन्त्रणको प्रयासमा आशातित र उत्साहजनक प्रगति हुन सकेको देखिँदैन ।

### क. भ्रष्टाचार मापन सूचकमा नेपालको अवस्था

भ्रष्टाचारको विरुद्ध कार्यरत अन्तर्राष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेशनलले वार्षिकरुपमा निकाल्ने विश्वका मुलुकहरुको भ्रष्टाचार अनुभूति सूचकाङ्कमा सन् २००४ देखि नेपालको तथ्याङ्क पनि समावेश गर्ने गरेको छ । हाल यस सूचकाङ्कमा शून्य अङ्कले अति भ्रष्ट मुलुक जनाउँछ भने सय अङ्कले सबैभन्दा स्वच्छ मुलुक देखाउँछ । सो सूचकाङ्कमा नेपालको अवस्था देहायबमोजिमको तालिकाबाट देख्न सकिन्छ ।

| वर्ष (सन्) | भ्रष्टाचार अनुभूति सूचकाङ्क | वर्ष (सन्) | भ्रष्टाचार अनुभूति सूचकाङ्क | वर्ष (सन्) | भ्रष्टाचार अनुभूति सूचकाङ्क |
|---|---|---|---|---|---|
| २००४ | २.८ | २००९ | २.३ | २०१४ | २९ |
| २००५ | २.५ | २०१० | २.२ | २०१५ | २७ |
| २००६ | २.५ | २०११ | २.२ | २०१६ | २९ |
| २००७ | २.५ | २०१२ | २७ | २०१७ | ३१ |
| २००८ | २.७ | २०१३ | ३१ | २०१८ | ३१ |

द्रष्टव्यः सन् २०११ सम्म ०-१० को स्केलमा दिइने सूचकाङ्क सन् २०१२ देखि ०-१०० को स्केलमा दिन थालिएको ।

स्रोतः ट्रान्सपरेन्सी इन्टरनेशनलका प्रतिवेदनहरु ।

### ख. नागरिक सर्वेक्षणमा भ्रष्टाचारको अवस्था

भ्रष्टाचारको अवस्था बुझ्न आयोगले भ्रष्टाचार र सुशासनसम्बन्धी सर्वेक्षण/अध्ययन गर्दै आएको छ । आर्थिक वर्ष २०७४/७५ मा आयोगले गरेको सर्वेक्षण/अध्ययन अनुसार ६४ प्रतिशत नागरिकले मात्र तोकिएको विधि र प्रक्रिया अनुसार समयमै सेवा प्राप्त गरेको बताएका थिए । त्यस्तै, उक्त सर्वेक्षणले मालपोत कार्यालय, नापी कार्यालय, आन्तरिक राजस्व कार्यालय, नगरपालिका/गाउँपालिका कार्यालय, खानेपानी कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला शिक्षा कार्यालय, यातायात व्यवस्था कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला कृषि विकास कार्यालय, नेपाल टेलिकम, भूमि सुधार कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय तथा सडक कार्यालयहरुलाई भ्रष्टाचारको उच्च सम्भावना भएका संवेदनशील क्षेत्रका रुपमा देखाएको थियो ।[४] आर्थिक वर्ष २०७५/७६ मा आयोगले गरेको स्थानीय तहमा हुने भ्रष्टाचारसम्बन्धी सर्वेक्षण/अध्ययन अनुसार स्थानीय तहमा योजना छनौट/निर्माणको क्रममा बढी भ्रष्टाचार हुने गरेको र भ्रष्टाचारका लागि नेतृत्व बढी जिम्मेवार रहेको देखिएको छ ।[५]



## २.३ तेस्रो रणनीतिक योजनाको समीक्षा

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो कामकारबाहीलाई थप व्यवस्थित, परिणाममुखी र समयसापेक्ष बनाउन संस्थागत रणनीति बनाउँदै आएको छ । आयोगले आफ्नो पहिलो संस्थागत रणनीति सन् २००२ मा तयार पारेको थियो जुन सन् २००६ सम्म लागू हुने गरेर जम्मा पाँच वर्षको लागि तर्जुमा गरिएको थियो । आयोगको दोस्रो रणनीति सन् २००६ देखि २००८ सम्म तीन वर्षको लागि तर्जुमा गरिएको थियो । सन् २००९ देखि २०१३ रणनीति विहीन वर्षका रुपमा रहे भने आयोगको तेस्रो संस्थागत रणनीति सन् २०१४ देखि २०१९ सम्म छ वर्षको लागि तर्जुमा गरी लागू गरिएको थियो । तेस्रो संस्थागत रणनीतिको समाप्तीसँगै, विगतका अनुभवबाट सिक्दै भ्रष्टाचार विरुद्धको आफ्नो कारबाहीलाई थप नतिजामुखी र प्रभावकारी बनाउन आयोगको चौथो पञ्चवर्षीय रणनीतिक योजना तयार गरिएको छ ।

आयोगको तेस्रो संस्थागत रणनीति (सन् २०१४-२०१९) मा उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक गरी तीन वटा प्रमुख रणनीति र तीन वटा परिपूरक रणनीति गरी जम्मा छ वटा बृहत्तर रणनीति रहेका थिए । यी छ वटा रणनीतिअन्तर्गत दूरदृष्टि तहका उपलब्धि मापन सूचक छ, परिलक्ष्य तहका उपलब्धि मापन सूचक चार, लक्ष्य तहका उपलब्धि मापन सूचक सात र रणनीतिसँग सम्बन्धित परिसूचक सत्ताइस गरी कुल चवालिस वटा मुख्य सूचकहरु मध्ये अधिकांश सूचकमा सकारात्मक उपलब्धि भएको देखिन्छ ।

तेस्रो रणनीतिक योजनाको अवधिभर आयोगले अवलम्बन गरेको तीनखम्बे रणनीति अनुरुप विभिन्न उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यहरु संचालन भएका छन् । उपचारात्मक रणनीतिबमोजिम आयोगले यस अवधिमा उजुरीउपर अनुसन्धान गरी विशेष अदालतमा नौ सय त्रिसठ्ठी वटा मुद्दा दायर गरेको छ । त्यस्तै, प्रवर्द्धनात्मक रणनीतिअन्तर्गत आयोगका कार्यालयहरुले भ्रष्टाचार नियन्त्रण गर्न भ्रष्टाचार हुन नदिन विभिन्न कार्य गर्दै आएका छन् । यसै रणनीतिअन्तर्गत दुई सय उनान्सय वटा सामुदायिक शिक्षा कार्यक्रम आयोजना भएका छन् । निरोधात्मक रणनीतिअन्तर्गत भ्रष्टाचारको सम्भावना हुनसक्ने अवस्था र जोखिम पहिचान गरी भ्रष्टाचारजन्य

---

[४] नेपालमा भ्रष्टाचार र सुशासनको अवस्थासम्बन्धी अध्ययन सर्वेक्षण २०७५

[५] स्थानीय तहमा भ्रष्टाचारको अवस्थासम्बन्धी अध्ययन सर्वेक्षण २०७६

कार्य रोक्ने प्रयास भएको छ र यस रणनीतिअन्तर्गत आयोगका कार्यालयहरुले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनसम्बन्धी तीन सय आठ वटा अन्तर्क्रियात्मक कार्यक्रम संचालन गरेका छन् ।

### २.४ आयोगको विशेष प्रयास र उपलब्धि

आयोगले तेस्रो रणनीति लागू भएको अवधिमा भ्रष्टाचार विरुद्ध कारबाही गर्न नवीन प्रयासहरु अवलम्बन गरेको छ । आयोगको कामलाई परिस्कृत गर्न, अनुसन्धान र अभियोजनको कार्यलाई अझ वस्तुपरक र प्रभावकारी बनाउन "अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७३" ल्याइएको छ । आयोगका पदाधिकारी र कर्मचारीहरुले आयोगमा कार्यरत रहँदा सदाचारिता र इमान्दारिता प्रदर्शन गर्नुका साथै विद्यमान ऐनकानुनको परिपालना गर्न जरुरी भएकोले "आयोगका पदाधिकारी र कर्मचारीहरुले पालना गर्नुपर्ने आचारसंहिता, २०७६" लागू गरिएको छ । निर्माणसँग सम्बन्धित उजुरीहरुको अनुसन्धानमा सहयोग गर्न आयोगमा रहेको निर्माण गुणस्तर परीक्षण प्रयोगशाला (Engineering Lab) स्थापना गरी संचालनमा ल्याइएको छ । आयोगमा डिजिटल फरेन्सिक ल्याब (Digital Forensic Lab) को स्थापना गरिएको छ । आयोगको कार्यसंचालनमा सूचना प्रविधिको प्रयोग बढाई कम कागजको प्रयोग गर्दै दीर्घकालमा कागजरहित कार्यप्रणालीको परिकल्पना गरेबमोजिम स्वचालित कार्यालय सञ्चालन प्रणाली (Office Automation System) को सफ्टवेयर निर्माण तथा हार्डवेयरको व्यवस्थापन गरिएको छ ।

यसैगरी आयोगका कार्यलाई व्यवस्थित र गुणस्तरीय तुल्याउनका लागि देहायका विभिन्न कार्यविधि, नीति, निर्देशिका तथा अवधारणापत्रहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

(क) विशेष निगरानी तथा द्रुत कारबाहीसम्बन्धी कार्यविधि, २०७५
(ख) निर्माण संरचना गुणस्तर जाँच कार्यविधि, २०७५
(ग) बिशेष सूचना संकलन कार्यविधि, २०७५
(घ) गैरकानुनी सम्पत्ति छानबिन तथा अनुसन्धान कार्यविधि, २०७५
(ङ) विस्तृत अनुसन्धान कार्यलाई प्रभावकारी बनाउनेसम्बन्धी कार्यविधि, २०७४
(च) डिजिटल फरेन्सिक यूनिट (सञ्चालन) कार्यविधि, २०७४
(छ) अभियोजन नीति, २०७४
(ज) भ्रष्टाचार नियन्त्रणका लागि प्रवर्द्धनात्मक र निरोधात्मक कार्यसम्बन्धी अवधारणापत्र, २०७४
(झ) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आधारभूत प्रशिक्षण दिग्दर्शन (Training Manual), २०७४
(ञ) रिसवतको कसुरमा रङ्गेहात पक्राउ (Sting Operation), अनुसन्धान र अभियोजन गर्नेसम्बन्धी निर्देशिका, २०७३

भ्रष्टाचारका सम्भाव्य क्षेत्रहरुमा आयोगका कर्मचारीहरूलाई समेत सेवाग्राहीका रुपमा सूचना संकलनमा खटाई विशेष निगरानी तथा द्रूत कारबाही (Rapid Action Taskforce) मार्फत सघन निगरानी बढाइएको छ र भ्रष्टाचारको सूचना पाइएमा शिघ्रतापूर्वक भ्रष्टाचारमा संलग्न व्यक्तिलाई कारबाहीको दायरामा ल्याउने कार्यको प्रारम्भ गरिएको छ । साथै, भ्रष्टाचारमा 'दिने र लिने' दुवै पक्षलाई निरुत्साहित गर्न घूसरिसवत दिने सेवाग्राहीलाई समेत नियन्त्रणमा लिई अनुसन्धानको दायरामा ल्याइएको छ । भ्रष्टाचारविरूद्ध जनसमुदायको सक्रिय सहभागिता हासिल गरी भ्रष्टाचार नियन्त्रणसम्वन्धी बहस, भ्रष्टाचार र अनियमितताको निगरानी तथा भ्रष्टाचार विरूद्ध क्रियाशील निकायसँग समन्वय र सहकार्य गर्न भ्रष्टाचार विरुद्धको नागरिक निगरानी संस्थासम्बन्धी अवधारणापत्र स्वीकृत भएको छ । आयोगका कार्यालयहरुको सहजीकरण र सहयोगमा प्रत्येक प्रदेशका दुई जिल्लामा परीक्षणका रुपमा उक्त संस्थाहरु गठन गरिएको छ । अवधारणाबमोजिम

हालसम्म कञ्चनपुर, कैलाली, दैलेख, सुर्खेत, रुपन्देही, गुल्मी, कास्की, पर्वत, चितवन, मकवानपुर, सिरहा, धनुषा र सुनसरीसमेत गरी तेह्र वटा जिल्लामा भ्रष्टाचार विरुद्धको नागरिक निगरानी संस्था गठन भएका छन् । यस अन्तर्गत ईलाम जिल्लामा तदर्थ समिति गठन भई कार्यप्रक्रिया अगाडि बढेको छ । उक्त संस्थाको कार्यप्रभावकारिताको आधारमा स्थानीय नागरिक समाजको सक्रियतामा अन्य जिल्लामा यस्ता संस्थाहरु गठन गरी कार्यसञ्चालन गर्ने अवधारणा लिइएको छ ।

## *२.५ सरोकारवाला विश्लेषण*

भ्रष्टाचार नियन्त्रणसंग सम्वन्धित विभिन्न साझेदार निकायहरु रहेका छन्, जसमध्ये प्रमुख सरोकारवाला निकाय र तिनका कार्यक्षेत्र तथा जिम्मेवारी देहायबमोजिम रहेका छन्:



| संस्थाको नाम | कार्य क्षेत्र | भूमिका र जिम्मेवारी |
|---|---|---|
| अख्तियार दुरुपयोग अनुसन्धान आयोग | सार्वजनिक क्षेत्रको भ्रष्टाचारसम्बन्धी कार्यको अनुसन्धान र तहकिकात गर्ने | सार्वजनिक पदधारण गरेको व्यक्तिले भ्रष्टाचार गरेको उजुरी उपर अनुसन्धान गरी अभियोजन गर्ने र भ्रष्टाचारका विरुद्ध निरोधात्मक र प्रवर्द्धनात्मक गतिविधि संचालन गर्ने |
| राष्ट्रिय सतर्कता केन्द्र | भ्रष्टाचार र अनुचित कार्यविरुद्ध निरोधात्मक कार्य र जनचेतना अभिवृद्धिसम्बन्धी कार्य गर्ने | भ्रष्टाचार नियन्त्रणका लागि सूचना संकलन गर्ने, अनुगमन गर्ने, सुझाव दिने, कारबाहीका लागि लेखी पठाउने, सम्पत्ति विवरण तथा आयको अनुगमन गर्ने, प्राविधिक परीक्षण गर्ने |
| महालेखा परीक्षकको कार्यालय | संघीय/प्रादेशिक/स्थानीय तहका सरकारी कार्यालयको कानुनबमोजिम अन्तिम लेखापरीक्षण गर्ने | सरकारी कार्यालय र सरकारी स्वामित्व भएका संस्थाहरुको लेखाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतका आधारमा लेखापरीक्षण गर्ने र आर्थिक अनियमितता भएका विषय उजागर गर्ने |
| राजश्व अनुसन्धान विभाग | राजस्व चुहावटसम्बन्धी विषयमा अनुसन्धान गर्ने | कर तथा गैरकर राजश्व चुहावट एवं आर्थिक अपराधको अनुसन्धान तथा नियन्त्रण गर्ने, विदेशी विनिमयको अवैध ओसारपसार तथा अपचलनको अनुसन्धान गरी मुद्दा दायर गर्ने, राजश्व प्रशासनको सुधार तथा नीतिगत पृष्ठपोषण गर्ने |
| महालेखा नियन्त्रक कार्यालय | सरकारी बजेट नियन्त्रणसम्बन्धी कार्य गर्ने | बजेट कार्यान्वयनमा सहजीकरण गर्ने, सरकारको आय व्ययको लेखा राख्ने र सोको केन्द्रीय वार्षिक विवरण तयार गरी महालेखा परीक्षकको कार्यालयमा पेश गर्ने, सरकारी बाँकी असूल उपर गर्ने, सरकारी सम्पत्तिको अभिलेख राख्ने |
| महान्यायाधिवक्ताको कार्यालय | सरकारको तर्फबाट बहस पैरवी गर्ने | नेपाल सरकारको हक, हित र सरोकार भएका मुद्दामा नेपाल सरकारको प्रतिनिधित्व गर्ने र आयोगले विशेष अदालतमा दायर गरेको मुद्दामा आयोगको तर्फबाट मुद्दाको प्रतिरक्षा गर्ने |
| गृह मन्त्रालय | जिल्ला प्रशासन कार्यालय वा अन्य निकाय मार्फत हुने कारबाही | आयोगले अधिकार प्रत्यायोजन गरेका जिल्ला प्रशासन कार्यालयले जिल्ला भित्रका अख्तियार दुरुपयोगका विषयमा अनुसन्धान गरी आयोगसमक्ष प्रतिवेदन पेश गर्ने |
| प्रहरी प्रधान कार्यालय | शान्ति सुरक्षा, आरोपितहरुको पक्राउ र प्रहरी कारबाही | आयोगलाई भ्रष्टाचार नियन्त्रण तथा अनुसन्धानमा सहयोग गर्ने |

१२

| संस्थाको नाम | कार्य क्षेत्र | भूमिका र जिम्मेवारी |
|---|---|---|
| प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | समग्र समन्वय, सहजीकरण, खटनपटन र आयोगको कार्य वातावरणलाई अनुकुल वनाउने | भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन कार्यको प्रमुख जिम्मेवारी बहन गर्ने, यसमा क्षेत्रमा कार्यरत निकायहरुबीच समन्वय गर्ने |
| सार्वजनिक खरिद अनुगमन कार्यालय | सार्वजनिक खरिद नीति तर्जुमा र यसको कार्यान्वयन तथा सार्वजनिक खरिद पद्धतिको अनुगमन गर्ने | सार्वजनिक खरिदमा हुने अनियमितता रोकी खरिद प्रकृयामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गरी सार्वजनिक खरिद कार्यको अनुगमन र नियमन गर्ने |
| संघीय संसद | आवश्यक कानुन निर्माण, कार्यान्वयन अनुगमन, छानविन र अख्तियार दुरुपयोग भएको सम्वन्धमा अनुसन्धान गर्न सिफारिस गर्ने | भ्रष्टाचार विरुद्ध ऐन तर्जुमा गर्ने, संसदीय समिति मार्फत कार्यान्वयनको अनुगमन र छानबिन गर्ने, सिफारिस गर्ने, आयोगको कामकारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन गर्ने |
| सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्वन्धमा अनुसन्धान गर्ने | गैरकानुनीरुपमा आर्जित सम्पत्तिसम्बन्धी अनुसन्धान गर्ने, सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय सरोकारवालाहरुसँग समन्वय गर्ने |
| आन्तरिक राजश्व विभाग | सक्षम र प्रभावकारी कर प्रणालीको प्रवर्द्धन गर्ने | राजश्व चुहावट, राजश्व हिनामिना नियन्त्रण गर्ने, प्रत्यक्ष र अप्रत्यक्ष कर नीति निर्माण गरी ती नीतिको कार्यान्वयन र प्रशासन तथा अनुगमन गर्ने |
| अदालत | भ्रष्टाचारजन्य मुद्दाको न्यायिक निरुपण गर्ने | आयोगबाट दायर भएका भ्रष्टाचारका मुद्दाहरुको निष्पक्ष सुनुवाइ गरी फैसला गर्ने |
| नेपाल राष्ट्र बैंक | वित्तीय कारोवारको नियमन र वित्तीय सुशासन कायम गर्ने | वित्तीय कारोवार सुरक्षित तवरले गर्ने, मौद्रिक नीति लागू गर्ने, वित्तीय अपराध दुरुत्साहन/नियन्त्रण गर्ने, सम्पत्ति शुद्धीकरण निवारण गर्न अन्य निकायसँग समन्वय गर्ने |
| उद्योग वाणिज्य संघ, च्याम्बर अफ कमर्स | निजी क्षेत्रवाट हुनसक्ने भ्रष्टाचार नियन्त्रण, सूचना प्रवाह, समन्वय र प्रवर्द्धन गर्ने | आयोगको कार्यक्षेत्र बाहिर रहेको निजी क्षेत्रमा भ्रष्टाचार र अनियमितता हुन नदिन सरकारसँग समन्वय गर्ने, बजार अनुशासन, स्वच्छ अभ्यास प्रवर्द्धन र पालना गर्ने |
| ट्रान्सपरेन्सी ईन्टरनेशनल | भ्रष्टाचार नियन्त्रण/सदाचार प्रवर्द्धनसम्बन्धी विविध गतिविधि संचालन गर्ने | भ्रष्टाचार नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासबारे अवगत गराउने, जनचेतना बढाउने, अन्तर्राष्ट्रिय आबद्धता, सदाचार अभिवृद्धि गर्ने |
| संयुक्त राष्ट्रसंघीय निकाय | संयुक्त राष्ट्रसंघीय महासन्धि र भ्रष्टाचार विरुद्धका कार्यहरु गर्न सहयोग र समन्वय गर्ने | भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (UNCAC) लगायत भ्रष्टाचार विरुद्ध अन्तर्राष्ट्रिय असल अभ्यासहरु पहिचान गरी कार्यान्वयन गर्न सहयोग गर्ने |
| भ्रष्टाचार नियन्त्रणमा संलग्न गैरसरकारी तथा समुदायमा आधारित संस्था | सुशासन, भ्रष्टाचार नियन्त्रण र विधिको शासनका लागि जनचेतना तथा नागरिक परिचालनसम्बन्धी कार्य गर्ने | भ्रष्टाचारका विरुद्ध जनचेतनामूलक कार्यक्रम, गोष्ठी, अन्तर्क्रिया संचालन गर्ने, जनस्तरमा सक्रियता अभिवृद्धि गरी भ्रष्टाचार विरुद्ध निगरानी र खबरदारी गर्ने |

सरोकारवाला निकायहरुको भूमिकासम्बन्धी माथिको विश्लेषणबाट भ्रष्टाचार नियन्त्रण, रोकथाम र सचेतना अभिवृद्धिका लागि निकायहरुबीच साझेदारी, सहकार्य एवं सहयोग जस्ता सवलता रहेको

देखिन्छ । ती निकायहरुबीच समन्वय गरी भ्रष्टाचार नियन्त्रण गर्नमा आयोगको नेतृत्वदायी र प्रवर्द्धनात्मक भूमिका रहन्छ ।

भ्रष्टाचार नियन्त्रणसम्बन्धी जिम्मेवारी भएका विभिन्न सरोकारवाला संस्थाहरुको कार्यप्रकृति र दूरीको आधारमा ती संस्थाहरु बीचको सम्बन्धको नक्सांकन (Relationship Mapping) देहायबमोजिम प्रस्तुत गरिएको छ ।



## २.६ संस्थागत विश्लेषण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वर्तमान आन्तरिक तथा बाह्य स्थितिका आधारमा संस्थागत विश्लेषण देहायबमोजिम प्रस्तुत गरिएको छः

| सवल पक्ष | दुर्वल पक्ष |
|---|---|
| • नेपालको संविधानबमोजिम आयोग स्वायत्त र अधिकारसम्पन्न संवैधानिक निकायको रुपमा स्थापित हुनु,<br>• भ्रष्टाचारविरुद्धको प्रमुख नेतृत्वदायी निकायको रूपमा आयोगको काम, कर्तव्य र अधिकार स्पष्ट हुनु,<br>• भ्रष्टाचार नियन्त्रणका लागि आवश्यक नीति तथा कानुन तर्जुमा हुनु र हुने प्रक्रियामा रहनु,<br>• संसदप्रति उत्तरदायी भै आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष प्रस्तुत गर्ने व्यवस्था हुनु,<br>• प्रमुख आयुक्त र आयुक्तहरुको संख्या, अवधि र कार्यक्षेत्रसम्बन्धी संवैधानिक व्यवस्था हुनु,<br>• संस्थागत एवं संगठनात्मक क्षमता राम्रो रहनु,<br>• भौतिक पूर्वाधार तथा वित्तीय साधन उपलव्ध हुनु,<br>• संस्थागत रणनीति, आचारसंहिता तथा आन्तरिक कार्यसम्पादनसम्बन्धी कार्यविधि उपलव्ध हुनु ।<br>• सातवटै प्रदेशमा आयोगको संस्थागत विस्तार हुनु । | • भ्रष्टाचारविरुद्ध आवश्यक कानुन संशोधन, परिमार्जन र तर्जुमा प्रक्रियामा ढिलाई हुनु,<br>• भ्रष्टाचारजन्य अनुचित कार्यसम्बन्धी छानविन गर्ने संवैधानिक अधिकार नरहनाले आयोगको कार्यदायरा संकुचित हुनु,<br>• सीमित कार्यक्षेत्र र क्षेत्राधिकार (नेपाली सेना, अदालत, मन्त्रिपरिषदका नीतिगत निर्णय, निजी क्षेत्र तथा गैर सरकारी संस्था) लाई आयोगको क्षेत्राधिकारभित्र समेट्न नसकिनु,<br>• विद्यमान कानुनी संरचनाले भ्रष्टाचारका नवीनतम स्वरूप र आयामलाई समेट्न नसकेको,<br>• गैरकानुनी सम्पत्ति आर्जनलगायत केही मुद्दामा सफलताको दर न्यून हुनु,<br>• साक्षीको सुरक्षासम्बन्धी कानुनी व्यवस्था प्रभावकारी नहुनु,<br>• अभिलेख तथा सूचना व्यवस्थापन प्रणाली कमजोर रहनु,<br>• आयोगका सुझाव तथा निर्णयहरूको कार्यान्वयन पक्ष कमजोर रहनु,<br>• कमजोर संस्थागत स्मरण प्रणाली, कमजोर अनुगमन र मूल्यांकन प्रणाली, सूचना प्रविधिको प्रयोगमा न्यूनता हुनु,<br>• पर्याप्त मात्रामा पेशागतरुपमा दक्ष र प्रतिवद्ध एवम् उत्प्रेरित मनोवलयुक्त जनशक्ति नहुनु,<br>• आवश्यक मात्रामा अध्ययन, अनुसन्धान हुन नसक्नु, निरन्तर सुधार विधि अवलम्बन हुन नसक्नु<br>• विभिन्न सरोकारवाला निकायहरूबीच समन्वय र सामञ्जस्यको कमी हुनु । |
| **अवसर** | **चुनौती** |
| • भ्रष्टाचारविरुद्ध जनता, नागरिक समाज र समुदायको चासो, सहयोग र सहभागिताको साथ अनुकूल वातावण निर्माण हुँदै जानु,<br>• भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिलाई नेपालले अनुमोदन गरी कार्यान्वयन गर्नु,<br>• भ्रष्टाचार विरुद्ध अग्रसरताका लागि आवश्यक संस्थागत, नीतिगत र कानुनी अवसरहरु सृजना हुँदै जानु,<br>• सामाजिक संजालहरूको बलियो सहयोग | • नागरिक अपेक्षा र आयोगको कार्यसम्पादन परिणामबीचको खाडल कम गर्नु,<br>• भ्रष्टाचारलाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन गर्नु,<br>• धन सम्पत्तिलाई सामाजिक प्रतिष्ठाको विषय वनाइने प्रवृत्तिमा परिवर्तन ल्याउनु,<br>• अभियोजनसम्बन्धी विषयमा एकरूपता र सामञ्जस्यता ल्याउनु,<br>• भ्रष्टाचार नियन्त्रणका लागि राजनीतिक प्रतिवद्धतालाई कार्यान्वयनमा उतार्नु,<br>• भ्रष्टाचारजन्य कार्यहरुले प्रश्रय र संरक्षण पाउने |

| | |
|---|---|
| र सहकार्य हुनु,<br>• भ्रष्टाचार नियन्त्रणका लागि बढ्दो अन्तर्राष्ट्रिय सहयोग, सहकार्य र समन्वय हुनु,<br>• नवीनतम प्रविधिको विकास र उपयोगको सम्भावना हुनु,<br>• संचार माध्यमको सशक्त उपस्थिति हुनु । | अवस्था रोक्नु,<br>• प्रविधिको विकाससँगै वढेको भ्रष्टाचारजन्य अपराधसम्बन्धी अनुसन्धान र तहकिकात गर्ने क्षमता विकास गर्नु,<br>• भ्रष्टाचारका लागि नीतिगत तथा कानुनी विचलन नियन्त्रण गर्नु । |

## २.७ समीक्षा तथा विश्लेषणबाट प्राप्त नतिजा



मुलुकमा सदाचारयुक्त र भ्रष्टाचारमुक्त शासन व्यवस्थाको प्रत्याभूतिका लागि आयोगको जिम्मेवारीभित्र रहेको संवैधानिक दायित्व र भूमिका निर्वाह गरी रणनीतिक, कानुनी, संरचनागत एवम् मनोव्यवहारगत पक्षमा प्रभावकारिता हासिल गर्न आयोगको क्रियाशील भूमिका अपरिहार्य रहेको छ । आयोगको हालसम्मका विभिन्न प्रयास एवम् ती प्रयासबाट भ्रष्टाचारको रोकथाम तथा न्यूनीकरणका क्षेत्रमा भएका उपलब्धिलाई सन्तोषजनक मान्न सकिने अवस्था छैन । आयोगको कार्यक्षेत्राधिकार र जिम्मेवारीको विश्लेषण, संस्थागत क्षमताको विश्लेषण, सरोकारवाला सम्बन्ध विश्लेषणले आयोगलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिशीलताका सन्दर्भमा सक्षम र प्रभावकारी एवम् उच्च कार्यसम्पादन सामर्थ्य भएको संवैधानिक निकायका रुपमा स्थापित गर्नैपर्ने देखिएको छ । विश्लेषणले आयोगको संस्थागत सवलताको उपयोगमा सीमितता रहेको र संस्थागत दुर्वलताको समाधान गर्न थप प्रयासको आवश्यकता रहेको देखाएको छ । साथै, आयोगलाई प्राप्त अवसरको रणनीतिक उपयोग गर्न थप उर्जासहित अघि बढ्नु आवश्यक रहेको र भ्रष्टाचारको रोकथाम तथा नियन्त्रणका लागि आयोगको संस्थागत चुनौतीलाई व्यवस्थित तवरले सम्वोधन गर्ने अपरिहार्यता प्रष्ट गरेको छ । यसै विश्लेषणको नतिजाले नेपालमा भ्रष्टाचारको प्रभावकारी रोकथाम तथा न्यूनीकरणमा देहाय बमोजिमका चुनौती र समस्याग्रस्त क्षेत्र (Critical Areas) मा योजनावद्ध र व्यवस्थित तवरले प्राथमिकतासहित अघि बढ्नका लागि दिशानिर्देश गरेको छ:

(क) आयोगको मूल जिम्मेवारी र उत्तरदायित्वको क्षेत्रका रुपमा रहेको भष्टाचार नियन्त्रणको उपचारात्मक कार्यमा सक्षमता हासिल गरी अपेक्षित नतिजा हासिल गर्न सामर्थ्य विकास गर्ने,

(ख) मुलुकमा भ्रष्टाचारको मुख्य जड् र स्रोतका रुपमा रहेका कुसंस्कार, कुप्रवृत्ति, उत्प्रेरक कारक तत्व जस्ता पक्षसंग लड्न सक्ने गरी भ्रष्टाचारको रोकथाम तथा नियन्त्रणको लागि थप संस्थागत संरचना तथा संयन्त्रको विकास एवं आवश्यक सक्षमताको अभिवृद्धि, सहकार्य र साझेदारी प्रवर्द्धन तथा सामुदायिक परिचालन गरी भ्रष्टाचारको निरोधात्मक सामर्थ्य हासिल गर्ने,

(ग) भ्रष्टाचारको रोकथाम र नियन्त्रणका लागि मुलुकका विभिन्न पक्षलाई सहकार्य र साझेदारीका आधारमा परिचालन गरी सक्षमता, सचेतना, समन्वय, सन्जाल निर्माणका आधारमा ऐक्यवद्धता कायम गरी अभियानमूलक प्रवर्द्धनात्मक उपाय अवलम्बन गर्ने,

(घ) आयोगका उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक सामर्थ्यको विकास गरी भ्रष्टाचारको रोकथाम र नियन्त्रणको कार्यलाई आयोगको रणनीतिक क्षमता, कानुनी पर्याप्तता, संरचनागत उपयुक्तता, विधि एवम् पद्धतिगत क्षमता अभिवृद्धि गर्दै संस्थागत सुशासन अभिवृद्धिसमेतका आधारमा आयोगको संस्थागत क्षमता विकास गर्ने ।

## २.८ संस्थागत मूल्य मान्यता र रणनीतिक आधारहरु

यस संस्थागत रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि आयोगको संवैधानिक जिम्मेवारी र दायित्व, गरिमा र विशिष्ट कार्यसंस्कृति बमोजिमको आचरण र कार्यव्यवहार अपेक्षित रहन्छ । रणनीतिको तर्जुमा एवं कार्यान्वयनका सन्दर्भमा देहायका संस्थागत मूल्य मान्यता र रणनीतिक आधार लिइएको छ ।

**(अ) संस्थागत मूल्य मान्यता**



(क) सदाचार
(ख) निष्पक्षता
(ग) निर्भीकता
(घ) पारदर्शीता र गोपनीयताको कुशल संयोजन
(ङ) जबाफदेहिता
(च) पेशागत विशिष्टता
(ज) सिर्जनशीलता
(झ) विनम्रता
(ञ) कर्तव्यनिष्ठता
(ट) भ्रष्टाचार नियन्त्रणमा नेतृत्वदायी भूमिका

**(आ) रणनीतिक आधार**

(क) सार्वजनिक सेवामा सरल पहुँच र सुशासनको स्थापना,
(ख) व्यवस्थापकीय क्षमतामा अभिवृद्धि तथा संस्थागत सुदृढीकरणद्वारा भ्रष्टाचारमुक्त समाजको निर्माणमा योगदान
(ग) भ्रष्टाचार संलग्नतामा निरुत्साहन
(घ) प्रमाण र प्रविधिमा आधारित अनुसन्धान र अभियोजन
(ङ) पारदर्शीता, कार्यकुशलता, प्रभावकारिता, सदाचारिता र जबाफदेहीताको अवलम्बन
(च) सार्वजनिक चासो र सरोकारलाई प्राथमिकता तथा सरोकारवालाबीच सहयोग, सहकार्य एवं समन्वयद्वारा भ्रष्टाचार न्यूनीकरण ।

# खण्ड ३: रणनीतिक योजना



## *३.१ दूरदृष्टि, लक्ष्य र उद्देश्य*

### ३.१.१ दूरदृष्टि:

भ्रष्टाचारमुक्त र सदाचारयुक्त समाज निर्माण ।

### ३.१.२ लक्ष्य:

राष्ट्रिय विकास र सार्वजनिक सेवामा जनताको सरल/सहज पहुँच हुने गरी भ्रष्टाचार न्यूनीकरण गर्ने ।

### ३.१.३ उद्देश्य:

आयोगको संस्थागत सुदृढीकरण, निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक विधि मार्फत भ्रष्टाचार न्यूनीकरण गर्नु ।

## *३. २ रणनीति*

यस संस्थागत रणनीतिक योजनाको उल्लेखित उद्देश्य पूरा गर्न आयोगको प्रमुख भूमिका रहनेछ । साथै आयोगका साझेदार निकायहरुको समेत प्रत्यक्ष वा अप्रत्यक्ष भूमिका रहनेछ । रणनीतिक योजनाको उद्देश्य पूरा गर्न उपचारात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक र संस्थागत क्षमता विकासमा आधारित भई चारवटा रणनीति तयार गरिएको छ । यी चारवटै रणनीतिहरु अन्तर्सम्बन्धित रहेका हुंदा एक आपसमा परिपूरक भूमिकामा रहनेछन् ।

| | |
|---|---|
| **रणनीति १ उपचारात्मक** | *भ्रष्टाचारजन्य कार्यको पहिचान, अनुसन्धान र अभियोजन प्रभावकारी रुपमा गर्ने ।* |
| **रणनीति २ निरोधात्मक** | *कानूनी र संगठनात्मक संरचनाको सुदृढीकरण एवं परिचालन गर्दै भ्रष्टाचार नियन्त्रणमा सम्बद्ध पक्षहरुलाई जिम्मेवार बनाउने ।* |
| **रणनीति ३ प्रवर्द्धनात्मक** | *सरोकारवाला पक्षहरूका बीचमा चेतना, समन्वय, सञ्जाल र ऐक्यवद्धता अभिवृद्धि गर्ने ।* |
| **रणनीति ४ संस्थागत क्षमता विकास** | *आयोगको संस्थागत सुशासनको सुदृढीकरण र क्षमता अभिवृद्धि गर्ने ।* |

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक गरी मूलतः तीन किसिमका रणनीतिक उपायहरूमार्फत भ्रष्टाचार नियन्त्रणसम्बन्धी कार्य गर्दै आएको छ । तथापि भ्रष्टाचारविरुद्धको अभियानमा फरक फरक निकायहरू संलग्न रहेको, पर्याप्त साधनस्रोतको अभाव रहेको र कमजोर अनुगमन संयन्त्र कायम रहेको विगतको अवस्थामा आयोगले उपचारात्मक उपायमा बढी जोड दिएको पाईन्छ । आयोगलाई संविधानले नै प्रत्याभूत गरेको जिम्मेवारीबाट समेत आयोग भ्रष्टाचार नियन्त्रणका लागि अनुसन्धान र तहकिकात गर्ने प्रमुख निकाय भएकोले यसलाई भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुन कार्यान्वयन गराउने प्रमुख संवैधानिक निकायको रूपमा स्वीकार गरिएको छ । तर पनि अन्तर्सम्वन्धित विकृतिको रुपमा रहेको भ्रष्टाचार नियन्त्रणको लागि निरोधात्मक र प्रवर्द्धनात्मक पक्षलाई समेत प्राथमिकतामा राखी सरोकारवाला निकायबीच समन्वय, संजाल निर्माण र सहकार्य गर्नुपर्ने आवश्यकता छ ।

आयोगले निर्वाह गर्दै आएको प्रमुख तीन किसिमका भूमिका र जिम्मेवारीका कार्यहरूलाई प्रभावकारी ढंगले सम्पादन गर्ने गरी यो रणनीतिक योजनाका उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक गरी तीन रणनीति रहेका छन् । साथै यी कार्यहरुलाई सम्पादन गरी त्यसको अपेक्षित नतिजा प्राप्त गर्नका लागि अन्तर्सम्बन्धित रणनीतिको रुपमा संस्थागत क्षमता विकासलाई समेत चौथो रणनीतिको रुपमा लिइएको छ । आयोगको संस्थागत रणनीतिक योजना देहाय बमोजिमका रणनीतिमा आधारित रहेको छ जसका आधारमा रणनीतिका उद्देश्य हासिल गर्नका लागि विभिन्न नीति तथा कार्यनीति चयन गरिएका छन् । यसको कार्यान्वयन सहज र सरल बनाउनको लागि स्पष्ट सूचक, कार्यक्रम र कार्यान्वयन योजनासमेत तयार गरिएको छ ।



## ३.३ नीति तथा कार्यनीति

यस रणनीतिक योजनाको उद्देश्य हासिल गर्नका लागि आयोगले देहाय बमोजिमका रणनीति, नीति तथा कार्यनीति अवलम्बन गरी कार्यसम्पादन गर्नेछः



| रणनीति १: भ्रष्टाचारजन्य कार्यको पहिचान, अनुसन्धान र अभियोजन प्रभावकारीरुपमा गर्ने । | | | |
|---|---|---|---|
| नीति | | कार्यनीति | |
| १ | आधुनिक प्रविधिको उपयोगबाट अनुसन्धान र अभियोजन पद्धतिलाई वस्तुनिष्ठ र विश्वसनीय बनाउने । | १.१ | आयोगमा प्राप्त उजुरीहरुको छानविन र अनुसन्धान कार्यलाई सक्षम बनाउन सूचना प्रविधि तथा अन्य प्रविधिको उपयोग गरिनेछ । |
| | | १.२ | भ्रष्टाचारजन्य कार्यसम्बन्धी छानविन/अनुसन्धानसम्बन्धी दस्तावेजको सुरक्षा तथा अभिलेखीकरणको समुचित व्यवस्था मिलाईनेछ । |
| | | १.३ | अनुसन्धान र अभियोजनसँग सम्बन्धित कार्यविधि तथा दिग्दर्शनको निर्माण, परिमार्जन एवं कार्यान्वयन गरिनेछ । |
| | | १.४ | भ्रष्टाचारसम्बन्धी मामिलाको अनुसन्धान विधि र पद्धतिको प्रभावकारिताको अध्ययन अनुसन्धान गरिनेछ । |
| | | १.५ | प्रमाणमा आधारित अनुसन्धान पद्धतिको अवलम्बनका लागि अनुसन्धान अधिकृतहरुको क्षमता विकास गरिनेछ । |
| | | १.६ | अभियोजन नीति तथा अदालतका नजिरको विश्लेषणका आधारमा अभियोजनमा निष्पक्षता, एकरुपता र प्रभावकारिता ल्याइनेछ । |
| २ | भ्रष्टाचार निगरानी प्रणाली (Corruption Watch System) को विकास गरी अनुसन्धान एवं निगरानी गर्ने । | २.१ | सवल भ्रष्टाचार निगरानी प्रणाली (Corruption Watch System) को विकास गरी भ्रष्टाचारका संभाव्य क्षेत्र (Corruption Prone Zone) पहिचान गरिनेछ । |
| | | २.२ | राष्ट्रिय गौरवका आयोजना लगायत सबै तहका छानिएका विकास आयोजनाहरुको कार्य सम्पादनको अध्ययन तथा अनुसन्धान गरिनेछ । |
| | | २.३ | अध्ययन र अनुसन्धानमा आधारित रही विकास आयोजनाको कार्यसम्पादनमा भ्रष्टाचारजन्य कार्यको रोकथामका उपायहरु अवलम्बन गरिनेछ र ती उपायहरुको प्रयोगको निगरानी राखिनेछ । |
| ३ | भ्रष्टाचारसँग सम्बन्धित सबै किसिमका सूचना व्यवस्थापन तथा इन्टेलिजेन्स संयन्त्र (Information Management and Intelligence | ३.१ | आयोगको सूचना संकलन तथा विश्लेषण कार्यलाई थप सुदृढ गरी उजुरीहरुको प्रमाणीकरण, सूचना संकलन र विश्लेषण प्रक्रियालाई प्रभावकारी बनाईनेछ । |
| | | ३.२ | उजुरी संकलन, सूचना प्राप्ति र अनुसन्धान प्रक्रियामा आधुनिक सूचना प्रविधिको प्रयोग वृद्धि गर्दै मातहत कार्यालयहरुबीच दोहोरो सूचना आदान प्रदानका लागि सूचना सञ्जालीकरण विकास गरिनेछ । |

| | | | |
|---|---|---|---|
| | Mechanism) सुदृढ गर्ने । | ३.३ | आयोग र भ्रष्टाचार नियन्त्रणसम्वद्ध निकायहरुबीच सूचना सञ्जालको विकास गरिनेछ । |
| | | ३.४ | आयोगको वेवसाइटमा भ्रष्टाचारसम्बन्धी सूचनादाता र उजुरीकर्ताको पहुँच बढाई भ्रष्टाचारजन्य सूचना तथा उजुरीहरुलाई अन्तर्क्रियात्मक (Interactive) बनाइनेछ । |
| | | ३.५ | भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (UNCAC) को प्राविधिक सहायता र सूचना आदानप्रदानसम्बन्धी व्यवस्थालाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ । |
| ४ | भ्रष्टाचारसम्बन्धी मामलाहरुको प्राथमिकीकरण गरी अनुसन्धान र अभियोजन गर्ने । | ४.१ | आयोगको उजुरी छानविन र वर्गीकरणका आधार/मापदण्ड तयार गरी उजुरी उपर निश्चित अवधिभित्र अनुसन्धान सम्पन्न गरिनेछ । |
| | | ४.२ | उच्च जोखिमयुक्त र ठूला भ्रष्टाचारजन्य कार्यहरुलाई प्राथमिकतामा राखी अनुसन्धान तहकिकात गरिनेछ र अभियोजन क्षमता अभिवृद्धि गरिनेछ । |
| | | ४.३ | अभियोजन कार्यलाई प्रभावकारी बनाउन सार्वजनिक महत्व तथा सरोकारका विकास कार्यको अध्ययन र अनुसन्धान गरिनेछ । |
| | | ४.४ | भ्रष्टाचारजन्य जोखिमको अवस्था भएका क्षेत्र तथा कार्यका सम्बन्धमा पूर्वसतर्कता अपनाउन सम्बन्धित निकायलाई सजग गरिनेछ । |
| **रणनीति २: *कानूनी र संगठनात्मक संरचनाको सुदृढीकरण एवं परिचालन गर्दै सम्बद्ध पक्षहरुलाई भ्रष्टाचार नियन्त्रणमा जिम्मेवार बनाउने ।*** | | | |
| ५ | नीतिगत तथा संस्थागत भ्रष्टाचार न्यूनीकरण गर्न विभिन्न निकायहरुसँग समन्वय, साझेदारी तथा सहकार्य गर्ने । | ५.१ | भ्रष्टाचार न्यूनीकरणका लागि बाधक कानुन तथा निर्देशनहरुको पहिचान गरी त्यसलाई व्यावहारिक र मितव्ययी बनाउनका लागि आवश्यक सुधार गर्न अन्य निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ । |
| | | ५.२ | महालेखा परीक्षकको कार्यालय र सम्बन्धित निकायहरुसँगको समन्वय र सहकार्यमा सार्वजनिक निर्माणका ठेक्का तथा खर्च प्रक्रियाबारे अध्ययन/अनुसन्धान गरी आवश्यक कारबाहीको लागि नेपाल सरकारलाई सिफारिस गरिनेछ । |
| | | ५.३ | प्रगति, उपलब्धि र प्रभावको मूल्याङ्कनका आधारमा भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीति तथा कार्ययोजना परिमार्जन गर्न नेपाल सरकारलाई सहयोग गरिनेछ । |
| | | ५.४ | भ्रष्टाचार न्यूनीकरणका लागि सरकारले अपनाउनुपर्ने उपायहरूबारे नीतिगत सुझाव दिईनेछ । |
| | | ५.५ | तीनै तहका सरकारको कानुन, प्रशासकीय विधि तथा आवधिक/वार्षिक योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा भ्रष्टाचार न्यूनीकरणका उपायहरु समावेश गर्न प्रोत्साहित गरिनेछ । |

| | | | |
|---|---|---|---|
| | | ५.६ | भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न निकायहरूबाट सम्पादन हुने कार्यहरूबीच सहकार्य, समन्वय, अनुगमन तथा मूल्यांकन गरिने/गराईनेछ । |
| | | ५.७ | नेपाल सरकारका मन्त्रालय वा तल्ला तहबाट हुनुपर्ने प्रशासनिक र सार्वजनिक खरिदसम्बन्धी निर्णयसमेत मन्त्रिपरिषद्मा पेश गरी निर्णय गर्ने परिपाटीलाई निरुत्साहित गर्न आवश्यक पहल गरिनेछ । |
| ६ | सार्वजनिक निकायहरुलाई भ्रष्टाचार विरुद्ध उत्तरदायी बनाउँदै सशक्तीकरण गर्ने । | ६.१ | सार्वजनिक निर्माण र सार्वजनिक सेवा प्रदान गर्ने निकायलाई व्यवस्थित, प्रतिस्पर्धी, पारदर्शी र उत्तरदायी बनाउँदै सेवा प्रवाह प्रक्रियालाई सरल, छरितो र पारदर्शी बनाउन पहल तथा प्रोत्साहन गरिनेछ । |
| | | ६.२ | विभिन्न तह र क्षेत्रका सार्वजनिक सेवा प्रवाहसम्बन्धी निकायका पदाधिकारीहरुको आचारसंहिता (Code of Conduct) कार्यान्वयनका लागि पहल गरिनेछ । |
| | | ६.३ | भ्रष्टाचार न्यूनीकरणको कार्यमा क्रियाशील सार्वजनिक नियमनकारी निकायहरुको कामलाई प्रभावकारी बनाउन सहयोग गरिनेछ । |
| | | ६.४ | सार्वजनिक भौतिक पूर्वाधार निर्माण र सार्वजनिक सेवा प्रदान गर्ने निकायहरूलाई कामको गुणस्तरप्रति उत्तरदायी बनाउन प्राविधिक परीक्षण गर्ने परिपाटीलाई सशक्त बनाउन सहयोग गरिनेछ । |
| | | ६.५ | संघीय शासन प्रणाली अनुरुप सरकारका तीनै तहमा सदाचार नीति तर्जुमा र कार्यान्वयनका लागि प्रोत्साहित गरिनेछ । |
| | | ६.६ | राष्ट्रसेवक कर्मचारीहरूलाई सादगी व्यवहार र आ-आफ्ना पेशागत निष्ठासहित सार्वजनिक सेवाप्रवाह गर्न प्रेरित गरिनेछ । |
| ७ | भ्रष्टाचार निवारणसम्बन्धी विषयमा नवीनतम खोज, अध्ययन, अनुसन्धान गर्ने । | ७.१ | भ्रष्टाचारको जोखिमपूर्ण क्षेत्र तथा भ्रष्टाचारका प्रमुख कारणहरूको लेखाजोखा तथा पहिचान गरिनेछ । |
| | | ७.२ | भ्रष्टाचारसम्बन्धी कार्य र सोको निवारणका आधारभूत सूचकांक (Basic Indicators) निर्माण गर्न आवश्यक अध्ययन, अनुसन्धान गरिनेछ । |
| | | ७.३ | भ्रष्टाचारका सम्भाव्य क्षेत्रहरुको नक्साङ्कन गरी भ्रष्टाचार सम्भाव्य आयोजना तथा कार्यालयहरुमा विशेष निगरानी राखिनेछ । |
| ८ | भ्रष्टाचारविरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय र सञ्जालीकरण गर्ने । | ८.१ | भ्रष्टाचार नियन्त्रणमा प्रभावकारिता हासिल गर्नका लागि अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्ने संजालीकरण र साझेदारी प्रवर्द्धन गरिनेछ । |
| | | ८.२ | भ्रष्टाचार नियन्त्रण सम्बन्धमा अन्य मुलुकको अनुभवलाई औचित्य र उपयुक्तताका आधारमा स्थानीयकरण गरी लागू गर्ने अभ्यासको थालनी गरिनेछ । |

| | | | |
|---|---|---|---|
| | | ८.३ | भ्रष्टाचार नियन्त्रणमा प्रत्यक्षरुपमा संलग्न निकायहरू, कानुन कार्यान्वयनको अनुगमन गर्ने निकायहरू र नागरिक समाजका बीच समन्वय र साझेदारी प्रवर्द्धन गरिनेछ । |
| | | ८.४ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विकास भएका नवीनतम ज्ञान र सीप तथा असल अभ्यासहरुको अवलम्बन गर्दै लगिनेछ । |
| **रणनीति ३: *सरोकारवाला पक्षहरूका बीचमा चेतना, समन्वय, सञ्जाल र ऐक्यवद्धता अभिवृद्धि गर्नु ।*** | | | |
| ९ | भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्ने । | ९.१ | अनुचित तरिकाले सम्पत्ति आर्जन गरी सामाजिक आडम्बर गर्ने प्रवृत्तिमा नियन्त्रण र भ्रष्टाचारीलाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन सामाजिक अभियान संचालन गरिनेछ । |
| | | ९.२ | भ्रष्टाचारप्रति असहिष्णु प्रवृत्तिलाई सशक्त बनाउने तथा सदाचारयुक्त व्यवहार र कार्यप्रणाली स्थापित गर्न अभियान संचालन गरिनेछ । |
| | | ९.३ | सुशासन स्थापना तथा भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गर्न प्रयासरत नागरिक समाजका संघसंस्था तथा संचार जगतसँग सहकार्य गरिनेछ । |
| | | ९.४ | जनचेतना अभिवृद्धिका लागि उपलब्ध प्रचारप्रसारका माध्यमहरुको समुचित उपयोग गरी विभिन्न सूचना शिक्षा तथा सञ्चार (Information-Education-Communication - IEC) सामग्रीको तयारी र वितरण गरिनेछ । |
| | | ९.५ | भ्रष्टाचार नियन्त्रणमा नागरिक समाज, गैरसरकारी तथा सामुदायिक संस्थाहरू जस्ता सार्वजनिक क्षेत्र बाहिरका व्यक्ति तथा समूहहरूको सहभागिता अभिवृद्धि गरिनेछ । |
| | | ९.६ | भ्रष्टाचार विरुद्ध आवाज उठाउने र जनमत सृजना गर्ने नागरिक समाज/गैरसरकारी संस्था एवम् सामुदायिक संस्था र सञ्चार क्षेत्रबाट भएका सत्प्रयासको उचित कदरसहित सम्मान गरिनेछ । |
| | | ९.७ | भ्रष्टाचारसम्बन्धी उजुरीकर्ता, साक्षी, विशेषज्ञ, अनुसन्धानकर्ता र सूचनादाताको उचित संरक्षणका लागि कानूनी व्यवस्था गरी कार्यान्वयन गरिनेछ । |
| १० | भ्रष्टाचारविरुद्ध शासनका विभिन्न पक्षको सहभागिता र प्रतिवद्धता अभिवृद्धि गर्ने । | १०.१ | भ्रष्टाचार नियन्त्रणका लागि राजनीतिक प्रतिवद्धता अभिवृद्धि गर्न राजनीतिक दलहरुलाई अभिप्रेरित गरिनेछ । |
| | | १०.२ | भ्रष्टाचार विरुद्ध सबै तहका जनप्रतिनिधिहरुलाई अभिमूखीकरण गरी उनीहरुको प्रतिवद्धता सुनिश्चित गरिनेछ । |
| | | १०.३ | राजनीतिक नियुक्ति वा अवकाशको तत्काल पछि सार्वजनिक पदमा हुने नियुक्तिमा स्वार्थको द्वन्द्व (Conflict of Interest) नियन्त्रणका लागि कानुन निर्माण एवम् कार्यान्वयन गर्न पहल गरिनेछ । |

| | | | |
|---|---|---|---|
| | | १०.४ | प्रदेश र स्थानीय तहमा भ्रष्टाचारविरुद्धको संयन्त्र विकास गरी नियमितरुपमा प्रभावकारी अनुगमन गर्ने व्यवस्था गरिनेछ। |
| | | १०.५ | भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्थाको विस्तारका साथै प्रभावकारीरुपमा परिचालन गरिनेछ। |
| | | १०.६ | भ्रष्टाचारविरुद्ध कार्य गर्ने विभिन्न सरोकारवाला र सम्वद्ध पक्षबीच संजालको विकास गरिनेछ। |
| **रणनीति ४: *आयोगको संस्थागत सुशासनको सुदृढीकरण र क्षमता अभिवृद्धि गर्ने।*** | | | |
| ११ | आयोगको संगठनात्मक संरचना, विधि, पद्धति, स्रोतसाधन सहित संस्थागत क्षमता सुदृढ गर्ने। | ११.१ | आयोग र मातहतका कार्यालयमा कम कागजयुक्त शासकीय प्रणाली (Less Paper Governance) क्रमशः लागू गरिनेछ। |
| | | ११.२ | डिजिटल उपकरण (Digital Display, Digital Attendance, CC Camera, Digital Surveillance Instrument, आदि) को प्रयोगलाई प्रभावकारीरुपमा लागु गर्ने, गराईनेछ। |
| | | ११.३ | आयोगको संगठनात्मक संरचनालाई समयानुकूल सुदृढ बनाईनेछ। |
| | | ११.४ | भ्रष्टाचार न्यूनीकरणको लागि आयोगको मानवस्रोत विकास तथा उपयोगसम्बन्धी कार्यविधि तथा मापदण्ड बनाइनेछ। |
| | | ११.५ | भ्रष्टाचारजन्य कार्यको अनुसन्धान, तहकिकात र अभियोजनका चरणहरूमा आवश्यक पर्ने ज्ञान, सीप र अन्तर्राष्ट्रिय असल अभ्यासहरूको बढीभन्दा बढी उपयोग गर्ने गरी आयोगको जनशक्तिलाई क्षमतायुक्त बनाइनेछ। |
| | | ११.६ | आयोगको अनुगमन, मूल्यांकन र प्रतिवेदन प्रणाली सुदृढ गरिनेछ। |
| | | ११.७ | अनुसन्धान प्रक्रियामा आयोगले अवलम्बन गरेका अभ्यास, नीति, सिद्धान्त, प्रशिक्षण सामग्री जस्ता स्रोतहरुको विद्युतीय अभिलेख राखिनेछ। |
| | | ११.८ | आयोग र अन्तर्गतका कार्यालयमा सूचना तथा प्रलेख स्रोत केन्द्रको सुदृढीकरण र भौतिक पूर्वाधार विकास तथा विस्तार गरिनेछ। |
| | | ११.९ | आयोगको प्रभावकारिता अभिवृद्धि गर्न आयोग एवम् आयोगका पूर्व पदाधिकारी र विज्ञहरुका बीचमा निरन्तर सम्वाद गर्ने परिपाटी विकास गरी सुदृढ गर्दै लगिनेछ। |
| | | ११.१० | आयोगबाट कारबाही सिफारिस भएका र भ्रष्टाचारको कसूरमा सजाय पाएका व्यक्तिहरुको एकीकृत अभिलेख (Integrated Record) प्रणाली विकसित गरिनेछ। |
| | | ११.११ | आयोगलाई सदाचारयुक्त एवम् उच्च कार्यसम्पादन गर्ने संगठनका रुपमा विकास गर्न पद्धतिमा आधारित कार्यसम्पादन प्रोत्साहन प्रणाली कार्यान्वयनमा ल्याइनेछ। |

| | | | |
|---|---|---|---|
| १२ | भ्रष्टाचार विरुद्धको कानुनी र संस्थागत दायरा फराकिलो बनाउने । | १२.१ | अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा छानविन तथा अनुसन्धान गर्ने कार्यलाई आयोगको क्षेत्राधिकारभित्र ल्याउन पहल गरिनेछ । |
| | | १२.२ | भ्रष्टाचार नियन्त्रणसम्बन्धी कार्य गर्ने विशिष्टीकृत निकायहरुलाई कानुनीरुपमा आयोगको समन्वयात्मक छाताभित्र ल्याई स्वतन्त्रतापूर्वक छानबिन गर्ने वातावरण बनाउन प्रयास गरिनेछ । |
| | | १२.३ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, निजी र सहकारी क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्यहरुको अनुसन्धान र तहकीकात गर्ने विषयलाई आयोगको क्षेत्राधिकारभित्र ल्याउन पहल गरिनेछ । |
| | | १२.४ | भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिले व्यवस्था गरेका अवसर तथा दायित्व निर्वाह गर्न राष्ट्रिय कानुनलाई समसामयिक परिमार्जनसहित कार्यान्वयनमा ल्याउन पहल गरिनेछ । |



### ३.४ अपेक्षित उपलब्धि

भ्रष्टाचार अनुभूति सूचकांकमा दश अंक वृद्धि भएको हुने, सदाचार नीति लागू भएको हुने, भ्रष्टाचार निवारण ऐन परिमार्जन भएको हुने, भ्रष्टाचार विरुद्धका निकायहरुबीच प्रभावकारी संजालीकरण भएको हुने, सबै प्रदेश तथा स्थानीय सरकारको योजनामा भ्रष्टाचार न्यूनीकरणसम्बन्धी विषय समावेश भएको हुने, आयोगको संस्थागत क्षमता सुदृढ र विस्तारित भएको हुने, आयोगको अनुसन्धान तथा अभियोजन प्रभावकारी भएको हुने, भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, UNCAC को कार्ययोजनको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

# खण्ड ४ : परिवर्तनको सिद्धान्त र नतिजा खाका



## ४.१ पृष्ठभूमि

राष्ट्रिय विकास र सार्वजनिक सेवामा जनताको पहुँच हुने गरी भ्रष्टाचार न्यूनीकरण गर्ने लक्ष्य यस रणनीतिक योजनामा राखिएको छ। यो लक्ष्य हासिल गर्नका निमित्त आयोगको संस्थागत सुदृढीकरण र निरोधात्मक, प्रवर्द्धनात्मक एवम् उपचारात्मक विधिहरु अपनाइ भ्रष्टाचार न्यूनीकरण एवम् सदाचारको प्रवर्द्धन गर्ने उद्देश्य निर्धारण गरिएको छ । यसैगरी यो अवधिमा भ्रष्टाचार अनुभूति सूचकाङ्कमा दश अंकको सुधार र नेपालले अन्तर्राष्ट्रियरुपमा प्रतिवद्धता जनाएको दिगो विकास लक्ष्यअन्तर्गत लक्ष्य १६ का भ्रष्टाचार न्यूनीकरणसम्बन्धी सूचकहरु हासिल गर्न योगदान पुऱ्याउने गरी प्रभाव तहका सूचकहरु निर्धारण गरिएका छन् । यी प्रभाव तहका सूचकहरु हासिल गर्न आयोगको प्रमुख योगदान रहने भए पनि सम्बद्ध अन्य पक्ष र निकायहरुको योगदान, सहकार्य र सक्रियताको जरुरी पर्दछ ।

उल्लेखित उद्देश्य तथा लक्ष्य हासिल गर्न रणनीति, नीति तथा कार्यनीतिहरु निर्धारण गरिएका छन् । आयोगको अनुसन्धान र कार्यप्रक्रियामा सुधार आई आयोगको पक्षमा फैसला र जनविश्वास बढेको मापन गर्न असर (Outcome) तहमा विस्तृत अनुसन्धान पछि दायर मुद्दा प्रतिशत, आयोगको पक्षमा फैसला, उजुरी फछ्र्यौट, प्रतिशत तथा नागरिकको सन्तुष्टि दर जस्ता असर तहका सूचकहरु विकास गरी समग्र Outcome Framework डिजाइन गरिएको छ। यही Outcome Framework भित्र रही प्रतिफल (Output) परिभाषित गर्नुका साथै त्यसका लागि कार्यान्वयन गर्नुपर्ने क्रियाकलापहरु (Activities) पहिचान गरिएका छन्। यस अनुसार तर्कसंगत हुने गरी नतिजाखाका (Result Framework) तयार गरिएको छ । यसरी परिभाषित नतिजा श्रृङ्खला (Result Chain) हासिल गर्नका लागि गरिएका अनुमान र यस्तो अनुमान सही हुनसक्दा आउनसक्ने जोखिमका पक्षहरुसमेतको विश्लेषण एवम् न्यूनीकरणका उपायहरु पहिचान गरिएको छ।

## ४.२ नतिजा खाका

| | सूचकहरुको स्थिति तथा लक्ष्य | | | सूचनाको स्रोत | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|
| | सूचकहरु | २०७६।७७ | २०८०।८१ | | |
| **प्रभाव (Impact)** भ्रष्टाचार न्यूनीकरण भएको हुने | भ्रष्टाचार अनुभूति सूचकाङ्क | ३१[६] | ४१ | CPI प्रतिवेदन | |
| | भ्रष्टाचार नियन्त्रणका लागि असल शासनको स्केल | -०.७८ | १.० | प्रतिवेदन | |
| | विगत बाह्र महिनाको अवधिमा सरकारी कर्मचारीसँग कम्तीमा एक पटक सम्पर्क भएका र उनीहरुलाई घूस दिएका वा सरकारी अधिकारीहरुद्वारा घूस माग गरिएका व्यक्तिहरुको अनुपात | ३३.१[७] | १५ | सर्वेक्षण | |

[६] भ्रष्टाचार अनुभूति सूचकाङ्क, २०१८, ट्रान्सपरेन्सी इन्टरनेशनल

[७] नेपालमा भ्रष्टाचार र सुशासनसम्बन्धी अध्ययन, २०७५, अख्तियार दुरुपयोग अनुसन्धान आयोग

| | | | | | |
|---|---|---|---|---|---|
| | भ्रष्टाचारका बारेमा जनताको धारणा (भ्रष्टाचार सूचकाङ्क स्कोर-अङ्क) | २९[८] | १५ | | |
| | विगत बाह्र महिनाको अवधिमा सरकारी कर्मचारीसँग कम्तीमा एक पटक सम्पर्क भएका र उनीहरुलाई घूस दिएका वा सरकारी अधिकारीहरुद्वारा घूस माग गरिएका व्यवसायीहरुको अनुपात | - | १५ | | |
| **असर (Outcome)** आयोगको अनुसन्धान र कार्यसम्पादनमा सुधार भई आयोगका पक्षमा फैसला र जनविश्वास बढेको हुने | विस्तृत अनुसन्धान पछि दायर मुद्दा प्रतिशत | ३८.४९ | ५० | आयोगको अभिलेख | अन्य सार्वजनिक निकायबाट हुनुपर्ने भ्रष्टाचार नियन्त्रण सम्बन्धी कार्य प्रभावकारी भएमा |
| | आयोगका पक्षमा फैसला प्रतिशत | ७८[९] | ८८ | अदालतका फैसलाहरु | |
| | उजूरी फछ्र्यौट प्रतिशत | ६४.४७ | ८० | आयोगको अभिलेख | |
| | तीन बर्ष पुराना उजूरी फछ्र्यौट | | १०० | आयोगको अभिलेख | |
| | आयोगको काममा नागरिक सन्तुष्टि दर | ७५ | ८५ | सर्वेक्षण | |
| **प्रतिफल (Output)** आयोगको संस्थागत एवम् अनुसन्धान प्रणाली सुदृढीकरण भएको हुने | भ्रष्टाचार निगरानी प्रणाली | - | १ | आयोगको अभिलेख | • सरोकारवाला हरुको सक्रिय सहकार्य रहेमा<br>• अन्य सार्वजनिक निकायको सक्रिय सहयोग रहेमा |
| | Intelligence एकाई | - | १ | आयोगको अभिलेख | |
| | Office Automation System | - | १ | आयोगको अभिलेख | |
| | सूचना संजालीकरण र संजाल | - | १ | आयोगको अभिलेख | |
| | अध्ययन अनुसन्धान | २ | ७ | आयोगको अभिलेख | |
| | कार्यालयहरुको भवन | ५ | ८ | आयोगको अभिलेख | |
| | प्रयोगशाला, थुनुवा घर, बयान कक्ष | २ | ८ | आयोगको अभिलेख | |
| | ऐन नियम तथा कार्यविधि परिमार्जन | - | ७ | आयोगको अभिलेख | |
| | भ्रष्टाचार विरुद्धको नागरिक निगरानी संस्था | १४ | ७७ | आयोगको अभिलेख | |
| | क्षमता विकास प्रतिशत | ३८ | ६० | आयोगको अभिलेख | |

[८] दिगो विकास लक्ष्यहरु, वर्तमान अवस्था र भावी मार्गचित्र : २०१६-२०३०, रा.यो.आ. (सन् २०१५को तथ्याङ्क)

[९] आ.व. ०७४।७५ र ०७५।७६ मा प्राप्त सफलता दरको औसत

| **क्रियाकलापहरु (Activities)** | | | • वजेट तथा दक्ष जनशक्ति उपलब्ध भएमा<br>• संस्थागत तथा कानूनी सुधारका लागि सम्बद्ध संस्थाको सक्रियता रहेमा |
|---|---|---|---|
| कानूनी सुधार | • ऐन २ वटा र कार्यविधि ५ वटा | आयोगको अभिलेख | |
| पूर्वाधार निर्माण | फोरेन्सिक ल्याब र थुनावा घर, बयान कक्ष, कार्यालय भवन | प्रत्यक्ष अवलोकन | |
| क्षमता विकास | • ३ प्रकारका तालिम ३० पटक, ६ प्रकारका बैठक र अन्तर्क्रिया ५० पटक र अन्तर्राष्ट्रिय सभा सम्मेलन सहभागिता १० पटक | आयोगको अभिलेख | |
| कार्य प्रक्रियामा सुधार | • एकिकृत अभिलेख प्रणाली, Office Automation, Intelligence unit स्थापना, अन्तर तह भ्रष्टाचार न्यूनीकरण कार्यदल, निगरानी समूह ६३, SOP तयार | आयोगको अभिलेख | |
| संचार र ज्ञान हस्तान्तरण | • IEC materials 10, Documentary 5, टेलीभिजन कार्यक्रम र सूचना सम्प्रेषण ५, सूचना संजालीकरण र तीनै तहका जनप्रतिनिधिलाई तालिम २ | आयोगको अभिलेख | |
| प्रतिवेदन व्यवस्था | • सतर्कता केन्द्र र अन्य सरकारी निकायबाट प्रतिवेदन प्राप्ति र आयोगको वार्षिक प्रतिवेदन | आयोगको अभिलेख | |
| अनुसन्धान अनुगमन तथा मूल्यांकन | • फैसलाको विश्लेषण, असहज कानूनको विश्लेषण, जोखिम विश्लेषण, सुशासन परीक्षण, मलेप प्रतिवेदन अध्ययन, सूचक निर्माण, सेवाग्राही सन्तुष्टि सर्वेक्षण, Zone mapping अध्ययन, UN महासन्धिको प्रगति समीक्षा र संस्थागत रणनीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन । | आयोगको अभिलेख | |
| | **लगानी (Input)** रु.५०,४३,००,०००।०० (अक्षेरपी रु. पचास करोड त्रीचालीस लाख मात्र ) | | |

# खण्ड ५: रणनीति कार्यान्वयन

## ५.१ कार्यान्वयनको दृष्टिकोण र उपाय

यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि देहायका अवधारणा र दृष्टिकोण अवलम्बन गरिनेछः

(क) रणनीतिको कार्यान्वयनका लागि वहुपक्षीय अवधारणा र दृष्टिकोण अवलम्बन गरी वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ ।

(ख) यस रणनीतिले अपेक्षा गरे अनुसारको उपलब्धी र नतिजा हासिल गर्न राजनीतिक क्षमता र इच्छाशक्तिको उचित संयोजन र समन्वयमा जोड दिइनेछ ।

(ग) शासकीय र विकास पद्धतिमा मूलप्रवाहीकरण, सवल र अनुकूल वातावरणको निर्माण, सक्षम कार्यान्वयन व्यवस्था, प्रभावकारी अनुगमन र मूल्यांकनका साथै सरोकारवालाको अर्थपूर्ण साझेदारी र सहकार्यको सुनिश्चितता गरिनेछ । यसका लागि सूचना, शिक्षा र संचार कार्यनीति र योजनाको उपयोग गरी रणनीतिक योजना प्रतिको सचेतना र सकारात्मकताका लागि अधिवाचन/पैरवी (Advocacy) गरिनेछ ।

(घ) रणनीति कार्यान्वयनमा अवरोध गर्ने पक्षको समयमै पहिचान गर्ने र कार्यान्वयनमा आइपर्ने जोखिमको पूर्वानुमान र समाधानको तत्परता जस्ता सक्षमताको विकास गरिनेछ ।

(ङ) कार्यान्वयनको नतिजाको गुणस्तरको सुनिश्चितताका लागि अनुगमन र समीक्षा प्रणालीलाई सक्रिय र प्रभावकारी तुल्याई कार्यान्वयनमा आइपर्ने समस्याको समयमै पहिचान गर्ने र समाधान गर्ने पद्धति निर्माण गरिनेछ । त्यसैगरी कार्यसम्पादन र नतिजाप्रतिको जवाफदेहिता स्पष्ट पारिनेछ र रणनीति कार्यान्वयनको नतिजाको स्तरसंग प्रोत्साहन प्रणालीलाई आवद्ध गरिनेछ ।

(च) रणनीतिलाई गतिशील र निरन्तर सुधारको पद्धतिसहित गुणात्मक बनाउन प्रभावकारिताको मूल्यांकन गरी तथ्य र प्रमाणका आधारमा निरन्तररुपमा सुधार र परिमार्जन गर्दै लगिनेछ ।

## ५.२ कार्यान्वयन योजना

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संस्थागत रणनीतिलाई बार्षिक कार्यक्रम तर्जुमा गरी पाँच वर्षभित्र कार्यान्वयनमा रुपान्तरण गर्न र उल्लेखित असर तथा प्रभाव हासिल गर्नका लागि देहायबमोजिमका मुख्य मुख्य कार्यक्रम/क्रियाकलाप पहिचान गरिएको छ ।

| क्र. सं. | क्रियाकलाप | एकाइ | जम्मा | लक्ष्य वर्ष | | | | | अनुमानित लागत (रु. लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | | |
| **क** | **कानूनी व्यवस्था तथा सुधार** | | | | | | | | | | |
| १. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनमा परिमार्जन | वटा | १ | १ | | | | | १० | ऐन नियम परामर्श तथा नि.का. महाशाखा | मुद्दा पु. तथा ब.पै. महाशाखा |
| २. | भ्रष्टाचार निवारण ऐनमा परिमार्जन | वटा | १ | १ | | | | | १० | ऐन नियम परामर्श तथा नि.का. महाशाखा | मुद्दा पु. तथा ब.पै. महाशाखा |
| ३. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि परिमार्जन | वटा | १ | १ | | | | | १० | ऐन नियम परामर्श तथा नि.का. महाशाखा | मानव संशासन तथा व्यवस्थापन महाशाखा |
| ४. | आयोगका उजुरी छानविन र वर्गीकरणका आधार (Criteria) / मापदण्ड तयार | वटा | १ | १ | | | | | १० | मानव संशासन तथा व्यवस्थापन महाशाखा | अनुसन्धान महाशाखाहरु |
| ५. | उजुरी नपरेका भ्रष्टाचार सम्भाव्य क्षेत्रको अनुसन्धानका सूचक र कार्यविधि निर्माण | वटा | १ | | १ | | | | १० | मानव संशासन तथा व्यवस्थापन महाशाखा | अनुसन्धान महाशाखाहरु |
| ६. | आयोगको मानवस्रोत विकास तथा उपयोगसम्बन्धी कार्यविधि तथा मापदण्ड तर्जुमा | वटा | १ | १ | | | | | १० | मानव संशासन तथा व्यवस्थापन महाशाखा | नीति, योजना तथा अ.रा.स. महाशाखा |
| ७. | अनुगमन तथा मूल्याङ्कन कार्यविधि तर्जुमा | वटा | १ | १ | | | | | १० | नीति, योजना तथा अ.रा.स. महाशाखा | मानव संशासन तथा व्यवस्थापन महाशाखा |
| ८. | आयोगको सूचना, शिक्षा तथा सञ्चार रणनीति तर्जुमा | वटा | १ | १ | | | | | १० | नीति, योजना तथा अ.रा.स. महाशाखा | मानव संशासन तथा व्यवस्थापन महाशाखा |
| **ख** | **सूचना प्रविधि तथा व्यवस्थापन** | | | | | | | | | | |
| ९. | भ्रष्टाचारसम्बन्धी एकीकृत अभिलेख प्रणाली स्थापना | वटा | १ | | | १ | | | ३० | नीति, योजना तथा अ.रा.स. महाशाखा | मुद्दा पु. तथा ब.पै. महाशाखा |
| १०. | अनुसन्धानमा Office Automation System को स्थापना र प्रयोग | वटा | १ | | १ | | | | १०० | नीति, योजना तथा अ.रा.स. महाशाखा | सबै महाशाखा तथा मातहत कार्यालय |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११. | सूचना संकलन तथा विश्लेषण संयन्त्र (Intelligence Mechanism) को सुदृढीकरण | वटा | १ | १ | | | | | २५० | प्रहरी महाशाखा | मातहत कार्यालय |
| **ग** | **पूर्वाधार निर्माण** | | | | | | | | | | |
| १२. | फरेन्सिक ल्याब सुदृढीकरण | वटा | १ | १ | | | | | १०० | प्राविधिक परीक्षण तथा मु.महाशाखा | नीति, योजना तथा अ.रा.स. महाशाखा |
| १३. | ईन्जिनियरिङ्ग ल्याब सुदृढीकरण | वटा | ३ | | | | | | १५० | प्राविधिक परीक्षण तथा मु.महाशाखा | नीति, योजना तथा अ.रा.स. महाशाखा |
| १४. | थुनुवा घर निर्माण | वटा | १ | | | १ | | | १०० | प्रहरी महाशाखा | प्राविधिक परीक्षण तथा मु.महाशाखा |
| १५. | आधुनिक वयान कक्ष निर्माण | वटा | १ | १ | | | | | २५ | प्राविधिक परीक्षण तथा मु.महाशाखा | मानव संशासन तथा व्यवस्थापन म. |
| १६. | आयोगका कार्यालयहरुको भवन निर्माण सम्पन्न | वटा | ३ | | २ | १ | | | २००० | मातहत कार्यालय | प्राविधिक परीक्षण तथा मु.महाशाखा |
| **घ** | **क्षमता विकास** | | | | | | | | | | |
| १७. | अनुसन्धान अधिकृतहरुलाई अभिमुखीकरण | पटक | १० | २ | २ | २ | २ | २ | ५० | नीति, योजना तथा अ.रा.स. महाशाखा | मानव संशासन तथा व्यवस्थापन महाशाखा |
| १८. | अनुसन्धान अधिकृतहरुको क्षमता विकाससम्बन्धी विशिष्टीकृत तालिम सञ्चालन | पटक | १० | २ | २ | २ | २ | २ | ६० | नीति, योजना तथा अ.रा.स. महाशाखा | मानव संशासन तथा व्यवस्थापन महाशाखा |
| १९. | अनुसन्धान अधिकृतहरुका लागि स्वदेश तथा विदेशमा अनुसन्धानसम्बन्धी तालिम | पटक | १० | २ | २ | २ | २ | २ | ६०० | नीति, योजना तथा अ.रा.स. महाशाखा | मानव संशासन तथा व्यवस्थापन महाशाखा |
| २०. | स्टिंग अपरेशन तालिम | पटक | २० | ४ | ४ | ४ | ४ | ४ | १२० | प्रहरी महाशाखा | नीति, योजना तथा अ.रा.स. महाशाखा |
| २१. | आयोगका पूर्व पदाधिकारी र सम्वन्धित विज्ञहरु संगको बैठक | पटक | आवश्यक तानुसार | √ | √ | √ | √ | √ | १५ | मानव संशासन तथा व्यवस्थापन महाशाखा | नीति, योजना तथा अ.रा.स. महाशाखा |
| २२. | भ्रष्टाचार नियन्त्रणका लागि राजनीतिक नेतृत्व तथा पदाधिकारीसंग अन्तर्क्रिया र छलफल | पटक | ५ | १ | १ | १ | १ | १ | २५ | नीति, योजना तथा अ.रा.स. महाशाखा | सबै महाशाखा तथा मातहत कार्यालय |
| २३. | भ्रष्टाचार निरोधका लागि सरोकारवाला पक्षहरूबीच समन्वय बैठक/छलफल | पटक | २० | ४ | ४ | ४ | ४ | ४ | २० | नीति, योजना तथा अ.रा.स. महाशाखा | सबै महाशाखा तथा मातहत कार्यालय |
| २४. | भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्न | पटक | १० | २ | २ | २ | २ | २ | २० | नीति, योजना तथा | सबै महाशाखा तथा |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रयासरत नागरिक समाजमा आधारित विभिन्न निकायहरूसँग अन्तर्क्रिया | | | | | | | | | अ.रा.स. महाशाखा | मातहत कार्यालय |
| २५. | संसदीय समितिसँग छलफल | वटा | आवश्यकतानुसार | √ | √ | √ | √ | √ | १० | नीति, योजना तथा अ.रा.स. महाशाखा | मानव संशासन तथा व्यवस्थापन महाशाखा . |
| २६. | सम्पर्क विन्दु वैठक | वटा | १५ | ३ | ३ | ३ | ३ | ३ | १५ | ऐन नियम परामर्श तथा नि.का. महाशाखा | मानव संशासन तथा व्यवस्थापन महाशाखा. |
| **ङ** | **कार्यप्रक्रियामा सुधार** | | | | | | | | | | |
| २७. | अन्तर्तह भ्रष्टाचार न्यूनीकरण कार्यदल गठन | वटा | १ | | १ | | | | ५ | अ.दु.अ.आ. | प्र.मं. तथा म.प.का. |
| २८. | भ्रष्टाचार विरुद्धको नागरिक निगरानी संस्था (Citizen Jury) गठन | वटा | ६३ | १४ | १४ | १४ | १४ | ७ | ६३ | मातहत कार्यालय | नीति, योजना तथा अ.रा.स. महाशाखा |
| २९. | तिनै तहका नीति तथा विकास योजनाहरुमा भ्रष्टाचार न्यूनीकरणको विषय समावेश गर्न सरकारलाई सुझाव | वटा | आवश्यकतानुसार | √ | √ | √ | √ | √ | ५ | नीति, योजना तथा अ.रा.स. महाशाखा | प्राविधिक परीक्षण तथा मू.महाशाखा |
| ३०. | भ्रष्टाचार न्यूनीकरणसम्बन्धी कार्य गर्ने सबै सरकारी निकायको SoP तयारी र प्रभावकारी कार्यान्वयनमा समन्वय, | वटा | १ | √ | √ | | | | ५ | नीति, योजना तथा अ.रा.स. महाशाखा | सम्बद्ध निकाय |
| ३१. | आयोग, विशेष सरकारी वकिलको कार्यालय र विशेष अदालतका सम्बद्ध पदाधिकारीसँगको नियमित छलफल कार्यक्रम | वटा | ५ | १ | १ | १ | १ | १ | ५ | मुद्दा, पुनरावेदन तथा ब.पै. महाशाखा | |
| **च** | **संचार समन्वय तथा ज्ञान हस्तान्तरण** | | | | | | | | | | |
| ३२. | भ्रष्टाचार नियन्त्रणका लागि प्रवर्द्धनात्मक सामग्री (IEC materials) छपाई र वितरण | वटा | १० | २ | २ | २ | २ | २ | १० | नीति, योजना तथा अ.रा.स. महाशाखा | मानव संशासन तथा व्यवस्थापन महाशाखा |
| ३३. | भ्रष्टाचार नियन्त्रणमा आयोगको भूमिका समेटिएको डकुमेन्ट्री/सामग्री निर्माण | वटा | ५ | १ | १ | १ | १ | १ | २५ | नीति, योजना तथा अ.रा.स. महाशाखा | मानव संशासन तथा व्यवस्थापन महाशाखा |
| ३४. | नेपाल टेलिभिजनसँगको सहकार्यमा सचेतनामूलक टेलिभिजन कार्यक्रम सञ्चालन | वटा | | √ | √ | √ | √ | √ | २५० | नीति, योजना तथा अ.रा.स. महाशाखा | मानव संशासन तथा व्यवस्थापन महाशाखा |
| ३५. | भ्रष्टाचार नियन्त्रणसम्बन्धी सूचना र जानकारी | वटा | ५ | १ | १ | १ | १ | १ | ३० | मातहत कार्यालय | नीति, योजना तथा |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संचार माध्यमबाट संप्रेषण | | | | | | | | | | अ.रा.स. महाशाखा |
| ३६. | भ्रष्टाचारसम्बन्धी सूचनाको सञ्जालीकरण | वटा | | √ | √ | √ | √ | √ | १० | नीति, योजना तथा अ.रा.स. महाशाखा | सम्बद्ध निकाय |
| ३७. | तिनै तहका जनप्रतिनिधि, सरकारी पदाधिकारी र कर्मचारीहरुको लागि Anti-corruption तालिम सामग्री तयारी तथा तालिम संचालन | वटा | २ | | १ | | १ | | ४० | नीति, योजना तथा अ.रा.स. महाशाखा | सबै महाशाखा तथा मातहत कार्यालय |
| ३८. | कर्मचारी, नागरिक समाज, गैसस र निजी क्षेत्रको लागि तालिम | वटा | १० | २ | २ | २ | २ | २ | ५० | नीति, योजना तथा अ.रा.स. महाशाखा | सबै महाशाखा तथा मातहत कार्यालय |
| ३९. | सामुदायिक शिक्षा कार्यक्रम | पटक | ३८५ | ७७ | ७७ | ७७ | ७७ | ७७ | १२५ | मातहत कार्यालय | नीति, योजना तथा अ.रा.स. महाशाखा |
| ४०. | विद्यालय तहको पाठ्यक्रममा सदाचार शिक्षा समावेश | पटक | १ | √ | √ | √ | √ | √ | ५ | नीति, योजना तथा अ.रा.स. महाशाखा | सम्बिन्धित महाशाखा |
| ४१. | स्टाफ कलेज र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानहरुले संचालन गर्ने तालिमको विषयवस्तुमा Anti-Corruption सम्बन्धी विषयसमेत समावेश | पटक | १ | √ | √ | √ | √ | √ | ५ | नीति, योजना तथा अ.रा.स. महाशाखा | सम्बिन्धित महाशाखा |
| ४२. | स्थानीय तहका पदाधिकारी, कर्मचारी तथा विभिन्न समितिका पदाधिकारी लक्षित अभिमूखीकरण कार्यक्रम | पटक | २५० | ५० | ५० | ५० | ५० | ५० | २५० | मातहत कार्यालय | नीति, योजना तथा अ.रा.स. महाशाखा |
| **छ** | **प्रतिवेदन** | | | | | | | | | | |
| ४३. | राष्ट्रिय सतकर्ता केन्द्र र सम्बन्धित सरकारी निकायबाट प्रतिवेदन प्राप्ति र कार्यान्वयन | वटा | ५ | १ | १ | १ | १ | १ | ५ | सम्पत्ति अनुसन्धान तथा मूल्याँकन महाशाखा | सम्बद्ध निकाय |
| ४४. | आयोगको वार्षिक प्रगति प्रतिवेदन तयारी | वटा | ५ | १ | १ | १ | १ | १ | ५० | नीति, योजना तथा अ.रा.स. महाशाखा | सबै महाशाखा तथा मातहत कार्यालय |
| **ज** | **अध्ययन अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन** | | | | | | | | | | |
| ४५. | अदालतवाट भएका भ्रष्टाचारसम्बन्धी फैसलाहरुवारे विश्लेषणात्मक अध्ययन | वटा | १ | १ | | | | | ५ | मुद्दा पुनरावेदन तथा ब.पै. महाशाखा | नीति, योजना तथा अ.रा.स. महाशाखा |
| ४६. | भ्रष्टाचार विरुद्धको विश्वव्यापी अभियानका लागि अन्तर्राष्ट्रिय सम्मेलन, गोष्ठी, बैठकमा सहभागिता | वटा | १० | २ | २ | २ | २ | २ | १५० | नीति, योजना तथा अ.रा.स. महाशाखा | मानव संशासन तथा व्यवस्थापन महाशाखा |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४७. | भ्रष्टाचार न्यूनीकरणका लागि असहज कानुन तथा निर्देशनहरुको पहिचान एवं विश्लेषण | वटा | १ | | | | १ | | ५ | ऐन नियम परामर्श तथा नि.का. महाशाखा | नीति, योजना तथा अ.रा.स. महाशाखा |
| ४८. | भ्रष्टाचारको जोखिम विश्लेषण (Corruption Risk Assessment) | वटा | ५ | १ | १ | १ | १ | १ | २५ | नीति, योजना तथा अ.रा.स. महाशाखा | मानव संशासन तथा व्यवस्थापन महाशाखा |
| ४९. | Corruption Zone Mapping को लागि अध्ययन अनुसन्धान | वटा | १ | | १ | | | | २५ | नीति, योजना तथा अ.रा.स. महाशाखा | मानव संशासन तथा व्यवस्थापन महाशाखा |
| ५०. | अख्तियारको दुरुपयोग, सुशासन प्रवर्द्धन र भ्रष्टाचारको अवस्था सम्वन्धमा परीक्षण (Governance Audit) | वटा | २ | १ | | | | १ | ४० | नीति, योजना तथा अ.रा.स. महाशाखा | मानव संशासन तथा व्यवस्थापन महाशाखा |
| ५१. | महालेखा परीक्षकको कार्यालय र सम्बन्धित निकायहरुसँगको समन्वय र सहकार्यमा सार्वजनिक निर्माणका ठेक्का, खर्च प्रक्रिया, Time/Cost Over-run बारे अध्ययन/अनुसन्धान | वटा | ५ | १ | १ | १ | १ | १ | ३५ | प्राविधिक परीक्षण तथा मू. महाशाखा | नीति, योजना तथा अ.रा.स. महाशाखा |
| ५२. | भ्रष्टाचारसम्बन्धी कार्य र सोको निवारणका आधारभूत सूचकांक (Basic Indicators) निर्माण गर्न आवश्यक अध्ययन, अनुसन्धान | वटा | १ | | | १ | | | १० | नीति, योजना तथा अ.रा.स. महाशाखा | मानव संशासन तथा व्यवस्थापन महाशाखा |
| ५३. | सार्वजनिक सेवामा विचौलियाको उपस्थिति तथा सेवाग्राही सन्तुष्टि सम्बन्धमा अभिमत सर्वेक्षण | वटा | १ | | १ | | | | १५ | नीति, योजना तथा अ.रा.स. महाशाखा | मानव संशासन तथा व्यवस्थापन महाशाखा |
| ५४. | भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयन सम्वन्धमा भएको प्रगतिको समीक्षा | वटा | २ | १ | | | | १ | ५ | नीति, योजना तथा अ.रा.स. महाशाखा | मानव संशासन तथा व्यवस्थापन महाशाखा |
| ५५. | संस्थागत रणनीति कार्यान्वयनको अनुगमन | वटा | १० | २ | २ | २ | २ | २ | १० | नीति, योजना तथा अ.रा.स. महाशाखा | मानव संशासन तथा व्यवस्थापन महाशाखा |
| ५६. | संस्थागत रणनीतिको कार्यान्वयनको मूल्यांकन | वटा | २ | | | १ | | १ | १० | नीति, योजना तथा अ.रा.स. महाशाखा | मानव संशासन तथा व्यवस्थापन महाशाखा |

## ५.३ सम्भाव्य जोखिमको विश्लेषण तथा व्यवस्थापन



रणनीति कार्यान्वयन गर्दा आउनसक्ने अनिश्चितता, चुनौती तथा जोखिमको सम्भावनालाई न्यूनीकरण गर्न सम्भाव्य जोखिमको आँकलन गरी पहिचान भएका जोखिमको संभावना र असरको लेखाजोखा गरिएको छ । आयोगको रणनीति कार्यान्वयनका जोखिमहरु विश्लेषण गर्दा अन्य सार्वजनिक निकायहरुको सहयोगको कमी, सरोकारवालाको सक्रिय सहकार्यको कमी, बजेट लगायत अन्य स्रोतसाधन र दक्ष जनशक्तिको कमी र अपेक्षितरुपमा भ्रष्टाचार नियन्त्रणका लागि गर्नुपर्ने कानुनी तथा संस्थागत सुधारका कार्यहरु आयोगको प्रत्यक्ष क्षेत्राधिकारभित्र नपर्ने अवस्थामाा सम्बद्ध क्षेत्रको सक्रियताको कमी प्रमुख रहेका छन् ।

रणनीति कार्यान्वयनमा अन्य सार्वजनिक निकायको सहयोग र सक्रियता अपरिहार्य छ । भ्रष्टाचारजन्य कार्यउपर आयोगबाट गरिने अनुसन्धानका लागि सम्बन्धित निकायबाट आवश्यक कागजात विवरण समयमा प्राप्त नभएका कारण आयोगमा हरेक वर्ष उजुरीहरु फछ्र्यौट हुन नसकी अर्को वर्ष सरेर जाने गरेका छन् । आवश्यक कागजात तथा विवरण समयमा उपलब्ध गराई आयोगलाई सहयोग गर्ने र स्वयं क्रियाशील भई आन्तरिकरुपमा भ्रष्टाचार नियन्त्रणलाई प्रभावकारी बनाउने कार्यमा अन्य सार्वजनिक निकायको सहयोग केही हदसम्म आयोगलाई प्राप्त भएपनि अपेक्षानुरुप प्राप्त हुन सकेको छैन । यसबाट रणनीति कार्यान्वयनमा सार्वजनिक निकायको सहयोग प्राप्त नहुने जोखिम रहने देखिन्छ । यस सन्दर्भमा यस जोखिमको संभाव्यता मध्यम र यसको असर उच्च रहेको अनुमान गरी समग्रमा उच्च जोखिमका रुपमा लेखाजोखा गरिएको छ ।

रणनीतिको कार्यान्वयनको लागि बजेट लगायत अन्य स्रोतसाधन र दक्ष जनशक्तिको कमी अर्को जोखिमका रुपमा आँकलन गरिएको छ । आयोगले पर्याप्त भौतिक पूर्वाधार र दक्ष जनशक्ति विकासमा ध्यान दिंदै आएको छ, तथापि तालिमप्राप्त कर्मचारीको आयोगमा कार्य गर्ने अवधि अपेक्षितरुपमा अभिवृद्धि गर्न सकिएको छैन । वित्तीय स्रोततर्फ हेर्दा, हाल नेपाल सरकारबाट आयोगलाई आवश्यक बजेट उपलब्ध हुँदै आएको भएपनि वित्तीय स्रोतसाधनको अपर्याप्तताको जोखिम भने रहन सक्दछ । स्रोतसाधनको कमी हुने जोखिमको सम्भाव्यता न्यून भए तापनि यसको असर उच्च रहेको अनुमान गरी समग्रमा मध्यम जोखिमका रुपमा लेखाजोखा गरिएको छ ।

रणनीति कार्यान्वयनका लागि भ्रष्टाचार विरुद्ध सरोकारवालाको निगरानी र सक्रियता बढ्नु जरुरी छ । समाजमा अपेक्षितरुपमा भ्रष्टाचार विरुद्धको खबरदारी, सदाचारमूलक संस्कृतिको प्रवर्द्धन तथा भ्रष्ट प्रवृत्तिलाई निरुत्साहन हुनसकेको छैन । समाजमा व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सामुहिक हितका लागि भ्रष्टाचारजन्य कार्यप्रति असहिष्णुता र आवाज मुखरित गर्ने प्रवृत्तिको कमी खड्किन सक्दछ । यस सन्दर्भमा जोखिमको संभाव्यता उच्च र यसको असर मध्यम रहेको अनुमान गरी समग्रमा उच्च जोखिमका रुपमा लेखाजोखा गरिएको छ ।

भ्रष्टाचार नियन्त्रण गर्न आयोगको क्रियाशीलता मात्र पर्याप्त हुँदैन, अन्य क्षेत्रमासमेत सुधार हुनु आवश्यक छ । आयोगका संस्थागत तथा कानुनी सुधारका लागि कानुन परिमार्जन तथा नयाँ आवश्यक कानुन निर्माण तथा समग्र सार्वजनिक क्षेत्रमा सुशासन कायम गर्ने कार्य आयोगको प्रत्यक्ष क्षेत्राधिकारमा नपर्ने हुँदा सम्बन्धित सार्वजनिक निकायको सहयोग र सहकार्य अपरिहार्य छ । सार्वजनिक निकायको भ्रष्टाचार नियन्त्रणसम्बन्धी प्रतिवद्धता व्यवहारमा उतार्ने चुनौती रहेको छ । यस सन्दर्भमा जोखिमको संभाव्यता मध्यम र यसको असर उच्च रहेको अनुमान गरी समग्रमा उच्च जोखिमका रुपमा लेखाजोखा गरिएको छ ।

उल्लेखित भ्रष्टाचारको जोखिमका लेखाजोखा संक्षेपीकरण गरी देहायबमोजिम प्रस्तत गरिएको छ ।

| **रणनीति कार्यान्वयनका जोखिमहरु** | **सम्भावना (Probability)** | **प्रभाव (Impact)** |
|---|---|---|
| अन्य सार्वजनिक निकायको अपेक्षित सहयोगको कमी | मध्यम | उच्च |
| बजेट लगायतका स्रोतसाधन र दक्ष जनशक्तिको कमी | न्यून | उच्च |
| संस्थागत तथा कानुनी सुधारका लागि सम्बद्ध क्षेत्रको सक्रियताको कमी | मध्यम | उच्च |
| सरोकारवालाको सक्रिय सहकार्यको कमी | उच्च | मध्यम |



रणनीति कार्यान्वयनको सन्दर्भमा उल्लेखित बाहेक आयोगमा भ्रष्टाचारसम्बन्धी गुणस्तरीय सूचनाको प्राप्ति, अनुसन्धानको प्रभावकारिता, अभियोजनको सफलता लगायत सार्वजनिक क्षेत्रको सेवाप्रवाह, राजश्व, खर्च, खरिद तथा नीति निर्माणमा आउनसक्ने जोखिमसमेतलाई ध्यानमा राखी जोखिम न्यूनीकरणको व्यवस्था गरिनेछ ।

# खण्ड ६: अनुगमन तथा मूल्यांकन

यस रणनीतिको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनमा मुख्य रूपमा देहाय बमोजिमका प्रक्रिया अवलम्बन गरिनेछन्:

## *६.१ कार्यान्वयन क्षमता (Implementation Capacity)*

रणनीतिको कार्यान्वयनका लागि सवल वातावरण छ/छैन, सक्षम कार्यान्वयनका लागि संस्थागत तत्परता र क्षमता कस्तो रहेको छ, साधन स्रोत र पूर्वाधारको उपलब्धता र पर्याप्तता, जवाफदेहिताको अवस्था, आदिका बारेमा नियमित रूपमा अनुगमन र मूल्याङ्कन गरिनेछ । यस दृष्टिकोणबाट नै रणनीतिको कार्यान्वयन योग्यता सुनिश्चित गर्न सकिन्छ ।

## *६.२ अनुगमनको तरिका र जिम्मेवारी*

संस्थागत रणनीति कार्यान्वयनमा देखापरेका समस्यालाई समयमै पहिचान र निराकरण गर्न सम्बन्धित निकायलाई पूर्व सूचना दिन, तोकिएको उपलब्धि तोकिएको समयमै हासिल गर्न वाधा पुऱ्याउने गतिविधिहरु उपर निगरानी गर्न, पूर्व निर्धारित लागतका आधारमा स्रोत परिचालन गर्न, मितव्ययिता कायम गर्न, कामको निर्धारित गुणस्तर कायम गर्न लगाउन र अन्तर कार्यान्वयन एकाइबीच समन्वय कायम गर्न मद्दत गर्ने उद्देश्यले अनुगमन पद्धतिको परिकल्पना गरिएको हो ।

समग्रमा भन्दा अनुगमनले नीति कार्यान्वयनका सम्बन्धमा भरपर्दो सूचना एवं जानकारी उपलव्ध गराउन, लक्ष्य र उद्देश्य चयनको महत्वलाई प्रष्ट्याउन र नीति समस्यालाई पुनर्संरचना गर्न मद्दत गर्नेछ । यसर्थ अनुगमनलाई निरन्तररुपमा जोड दिइनेछ । अनुगमनसम्बन्धी संयत्रलाई चलायमान बनाईराख्न निम्न पक्षमा जोड दिइनेछ ।

- तथ्यांक संकलनको आवश्यकता बोध र तथ्यांक संकलन कार्य ।
- निर्धारित कार्यक्रम सम्पन्न गर्नुपर्ने निकाय एवं संस्थाको जिम्मेवारी ।
- उत्तरदायित्व वहन गर्न लगाउने संयन्त्रको व्यवस्था ।
- अनुगमनका लागि बजेट विनियोजन ।
- अनुगमन प्रतिवेदन समय तालिका ।




यी पक्षहरु यस रणनीतिका विभिन्न भागहरुमा व्यवस्था गरिएको छ । सरलताको लागि निम्न ढाँचाबाट अनुगमन गरिनेछ ।

### ६.२.१ नियमित अनुगमन

नियमित अनुगमन भन्नाले परिमाणात्मक र गुणात्मक लाभका सम्बन्धमा जानकारी लिन विभिन्न चरणमा गरिने अनुगमनलाई बुझाउँछ । जस्तैः उजुरी संख्या, छानविन, विश्लेषण, मुद्दा दायर, बैठक संचालन, अभिमूखीकरण, तालिम, जनगुनासो सुनवाई, आदि । यस्तो अनुगमन सामान्यतया स्वचालित रुपमा पनि भइरहेको हुन्छ ।

### ६.२.२ कार्यगत अनुगमन



विभिन्न कार्यहरु सम्पन्न गर्ने अवधि तोकी सोसमेतका आधारमा निर्धारित अवधिभित्र कार्य भए नभएको अनुगमन गरिनेछ । यसका लागि देहायबमोजिमको अनुसन्धानको प्रक्रियामा गरिने कार्यहरुको कार्यगत अनुगमन गरिनेछ ।




### ६.२.३ चरणबद्ध अनुगमन

#### (क) अनुगमनको जिम्मेवारी तथा अभिमुखीकरण

आयोगको अधिकारक्षेत्र, जिम्मेवारी र जवाफदेहिता अनुकूल हुनेगरी यस रणनीतिको अनुगमन र मूल्याङ्कन गरिनेछ । यसरी अनुगमन र मूल्याङ्कन गर्दा विभिन्न निकायको क्षमतालाईसमेत उपयोग गरिनेछ । आयोग र मातहत कार्यालयहरुमा रहेका महाशाखा, शाखा, इकाई आदि मध्ये कुनै एकलाई अनुगमनको जिम्मेवारी तोकिनेछ । यसैगरी सरोकारवाला निकायहरुले पनि आ-आफ्नो एकाइलाई

जिम्मेवारी तोकिनेछ । यसरी लिखित रुपमा इकाई तोकिदा जिम्मेवार कर्मचारीलाई सम्पर्क व्यक्तिको (Focal Person) रुपमा जिम्मेवारी सहित तोकिनेछ । तत्पश्चात रणनीति, यसका नतिजा तथा सूचक र कार्यक्रमहरुका विषयमा यथेष्ट छलफल गरी अभिमुखीकरण गरिनेछ ।

**(ख) सूचक छनौट, छलफल तथा फारम तयारी**

यस चरणमा संस्थागत रणनीतिमा उल्लेख भएका सूचकहरुको चयन गरिनेछ । यसरी सूचक चयन गर्दा मूलरुपमा रणनीति र बार्षिक योजनासंग सम्वन्धित भएको, जनसरोकार र जनतालाई प्रत्यक्ष लाभ पुऱ्याउने परिणामसंग गाँसिएको र उपयुक्त तह (उदाहरणका लागि प्रभाव तह वा असर तह) लाई सूचक छनौटका आधार बनाइएको छ । प्रारम्भमा अनुगमनका लागि प्रमुख सूचक मात्र छनौट गरिनेछ ।



**(ग) सूचना तथा जानकारी संकलनको सञ्जाल:**

अख्तियारको दुरुपयोग र भ्रष्टाचार न्यूनीकरणसंग सम्बन्धित सबै निकायहरुले आ-आफ्नो कार्यालयमा सूचना व्यवस्थापन गरेका हुन्छन् । त्यस्ता सूचनाको संकलन सम्बन्धित कार्यालय अन्तर्गतका एकाइबाट कार्यालयमा र त्यहावाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्राप्त हुनेछ ।

**(घ) तथ्यांक भण्डार स्थापना**

यस चरणसम्म आईपुग्दा आयोगको र अन्य सवै सरोकारका कार्यालय/निकायहरुमा सूचना भण्डारका लागि कम्प्यूटरद्वारा परिचालित एकीकृत सूचना/तथ्यांक भण्डार (Data Bank) स्थापना भइसकेको हुने अपेक्षा गरिएको छ ।

## *६.३ आवधिक समीक्षा*

रणनीति कार्यान्वयनको स्थितिको आवधिक लेखाजोखाका साथै कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक रूपमा प्रगति समीक्षा गरिनेछ । यसअन्तर्गत भ्रष्टाचार न्यूनीकरणको वास्तविक स्थिति यकीन गर्नका लागि भरपर्दो तरिकाले तथ्यप्रमाण संकलन गरी विश्लेषण गरिनेछ । साथै रणनीति कार्यान्वयनसँग सम्बन्धित समस्याको पहिचान गरी समाधान गर्ने कार्यका लागि मार्गदर्शन गरिनेछ । समीक्षाले प्रत्येक वर्षको लागि तय गरिएको कार्ययोजना, यसको कार्यान्वयन अवस्था र अपेक्षित नतिजाको वारेमा जानकारी लिन मद्दत गर्दछ । समीक्षा पद्धतिलाई संस्थागत गर्न देहाय वमोजिम हुने गरी संस्थागत रणनीति समीक्षा समिति रहनेछ:

(१) प्रमुख आयुक्त वा आयोगका आयुक्तहरु मध्ये प्रमुख आयुक्तले तोकेको एक जना आयुक्त : अध्यक्ष,
(२) आयोगका सचिव : सदस्य,
(३) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव १ जना : सदस्य,
(४) ट्रान्सपरेन्सी ईन्टरनेसनल नेपालका प्रमुख वा प्रतिनिधि १ जना : सदस्य,
(५) आयोगको नीति, योजना तथा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा प्रमुख : सदस्य सचिव ।

यस समितिले आयोगको संस्थागत रणनीतिले किटान गरेका सरोकारवाला निकाय र अन्य साझेदार संस्थाहरुको सहभागिता रहने गरी वार्षिक रुपमा रणनीतिको समीक्षा गर्नेछ । समीक्षा वैठक/गोष्ठीमा व्यक्त भएका सुझाव तथा टिप्पणीहरुलाई समावेश गरी समीक्षा प्रतिवेदन तयार गरिनेछ । यस चरणमा समीक्षा प्रतिवेदनमा उल्लेख भएका विषयहरुको कार्यान्वयनको जिम्मेवारीसमेत तोकिएको हुनेछ । यसपछिको समीक्षा वैठकमा यस्ता विषयकोसमेत समीक्षा हुनेछ । समितिको बैठक आवश्यकता अनुसार वस्नेछ । यस समितिले आफ्नो कार्य पद्धति आफै निर्धारण गर्न सक्नेछ ।

## ६.४ सक्षमताको सुनिश्चितता

अनुगमन र मूल्यांकन कार्यको प्रभावकारिताका लागि आयोगले यस विषयलाई आफ्नो बार्षिक योजना तथा कार्यक्रममा समावेश गर्नेछ । कार्यान्वयनलाई परिणाममुखी बनाउन नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गरिनेछ । रणनीति कार्यान्वयनको उपलब्धि र नतिजामा पारदर्शिता कायम गर्नका लागि तथ्य र प्रमाणमा आधारित (Evidence-based) रही अनुगमन तथा मूल्याङ्कन गरिनेछ र यसका लागि आयोगको सूचना तथा प्रलेख स्रोत केन्द्रको क्षमता र सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ तुल्याइनेछ । रणनीति कार्यान्वयनको वार्षिक समीक्षा तथा मूल्याङ्कनबाट प्राप्त अनुपोषण तथा सुझावहरूलाई सुधारको निरन्तर योजनामा समावेश गरी कार्यान्वयन गरिनेछ । साथै अनुगमन र मूल्याङ्कन कार्यलाई व्यवस्थित र पारदर्शी बनाउन विशेष कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।



## ६.५ प्रतिवेदन

आयोगको सूचना भण्डारमा संकलित सूचना, तथ्यांकलाई प्रशोधन गरी संस्थागत रणनीतिले निर्धारण गरेको लक्ष्यको तुलनामा भएको उपलब्धीको विश्लेषण गरिनेछ । यसै आधारमा निश्चित अवधि र आवश्यकता अनुसार प्रतिवेदन तयार गरिनेछ । प्रतिवेदनले उठाएका अनुपोषणलाई लक्ष्य परिमार्जन लगायत रणनीतिको मध्यावधी एवं अन्तिम मूल्याङ्कनका लागि समेत प्रयोग गरिनेछ । यसले व्यवस्थापनका लागि चाहिने सूचना, तथ्यांकको संकलन, संग्रह, विश्लेषण लगायते सम्बन्ध कायम गर्न समेत सहयोग गर्नेछ ।

संस्थागत रणनीतिका नतिजा एवं सूचकहरु सम्बन्धमा श्रव्य, दृश्य सामग्रीको प्रयोग गरी सेवाग्राहीको प्रतिक्रिया र राय सुझाव संकलन गरी जनसरोकारका विषय र रणनीति कार्यान्वयनसम्बन्धी विवरण आयोगले आफ्नो वेभसाईटमा राख्ने वा प्रकाशन, प्रशारण गर्ने कार्य गर्न सक्नेछ । प्राप्त सुझाव तथा प्रतिक्रिया अन्य कार्यका लागि सहयोगी हुनेछन् ।

## ६.६ मूल्यांकन विधि र प्रक्रिया

रणनीति कार्यान्वयनको बार्षिक, मध्यावधि तथा कार्यान्वयन अवधिपश्चात मूल्याङ्कन गरिनेछ । यसमा रणनीतिले राखेका परिमाणात्मक लक्ष्य अनुसारको उपलब्धि र नतिजाको मूल्याङ्कन गरिनेछ । कार्यान्वयनसँग सम्बन्धित समस्याको लेखाजोखा एवम् तिनका समाधानका लागि अवलम्बन गरिएका उपायको प्रभावकारितासमेतको मूल्याङ्कन गरिनेछ । यसका साथै रणनीतिमा गरिने तत्कालीन सुधारका लागि मार्ग प्रशस्त गर्नुका साथै आवश्यकतानुसार आवधिक तथा दीर्घकालीन सुधारका लागि समेत मार्गदर्शन गरिनेछ । यस संस्थागत रणनीतिको मूल्याङ्कन देहाय वमोजिम हुनेछः

### ६.६.१ बार्षिक तथा मध्यावधि मूल्याङ्कन

रणनीति कार्यान्वयनको प्रत्येक आर्थिक बर्ष समाप्ति पश्चात आयोगले बार्षिक मूल्याङ्कन गर्नेछ । कार्यान्वयनको दुई वर्ष छ महिना पुरा भएपछि मध्यावधि मूल्याङ्कन गरिनेछ । यसको लागि स्वतन्त्र विज्ञ समूह वा संस्थाको छनौट गर्नुपर्दछ । छनौट प्रक्रिया आयोगको निर्धारित विधि अनुसार हुनेछ । विज्ञ टोलीले यस रणनीतिका लक्ष्य, उद्देश्य, नतिजा, सूचक र क्रियाकलापहरुको आधारमा मूल्याङ्कन गर्नेछ । मूल्याङ्कनसम्बन्धी थप विधि र प्रक्रिया मूल्याङ्कनकर्ताले निर्धारण गर्न सक्नेछन् । तर यस्तो मूल्याङ्कन सहभागितामूलक ढंगवाट सूचनामा आधारित रही गरिनेछ ।

### ६.६.२ अन्तिम मूल्यांकन

रणनीति कार्यान्वयनको पाँच वर्ष पूरा भएपछि अन्तिम मूल्याङ्कन गरिनेछ । यसको लागि स्वतन्त्र विज्ञ समूह वा संस्थाको छनौट गरिनेछ । छनौट प्रक्रिया आयोगको निर्धारित विधि अनुसार हुनेछ । विज्ञ टोलीले यस रणनीतिका लक्ष्य, उद्देश्य, नतिजा, सूचक र क्रियाकलापहरुको आधारमा मूल्याङ्कन गर्नेछ । मूल्याङ्कनसम्बन्धी थप विधि र प्रक्रिया मूल्याङ्कनकर्ताले निर्धारण गर्न सक्नेछन् । तर यस्तो मूल्याङ्कन सहभागितामूलक ढंगवाट सूचनामा आधारित हुने गरी मूल्याङ्कनको डिजाइन गर्ने व्यवस्था मिलाइनेछ ।



## ६.७ अपेक्षा

यस संस्थागत रणनीतिक योजनको प्रभावकारी कार्यान्वयन प्रति आयोग पूर्ण प्रतिवद्ध रहेको छ । यस रणनीतिको कार्यान्वयनबाट भ्रष्टाचार विरुद्धका निकाय बीचको सञ्जालीकरण हुने, भ्रष्टाचार निवारण ऐनमा परिमार्जन हुने, सबै प्रदेश तथा स्थानीय तहका सरकारको योजनामा भ्रष्टाचार न्यूनीकरणसम्बन्धी लगायतका विषय समावेश भएको हुने अपेक्षा गरिएको छ । साथै, सम्बद्ध पक्षहरुलाई भ्रष्टाचार विरुद्ध उत्तरदायी बनाउँदै सशक्तिकरण गर्ने, भ्रष्टाचार विरुद्ध शासनका विभिन्न पक्षको सहभागिता र प्रतिवद्धता अभिवृद्धि हुने र भ्रष्टाचार विरुद्धको कानूनी र संस्थागत दायरा फराकिलो बनाउने नीति लिइएको छ । उल्लिखित अपेक्षा र नीति एवम् कार्यनीतिहरुको कार्यान्वयन आयोगको एकल प्रयासबाट मात्रै सम्भव नभएकोले यस संस्थागत रणनीतिको कार्यान्वयनको सिलसिलामा सम्पूर्ण सार्वजनिक निकाय, गैरसरकारी संघसंस्था, नागरिक समाज, सञ्चार जगत, विकास साझेदार लगायत सबै सरोकारवालाको सद्भाव र सहयोग प्राप्त हुने अपेक्षा लिइएको छ ।

आयोगको यस संस्थागत रणनीतिक योजना अनुसारका नीतिहरुको कार्यान्वयनबाट आयोगको संस्थागत सुशासनको सुदृढीकरण एवम् क्षमता अभिवृद्धि भई भ्रष्टाचारजन्य कार्यको पहिचान, अनुसन्धान र अभियोजन थप प्रभावकारी हुने अपेक्षा गरिएको छ । साथै, सम्बद्ध पक्षहरुको संगठनात्मक संरचनासमेत सुदृढ भई ती निकायहरु भ्रष्टाचार नियन्त्रणको आफ्नो दायित्व प्रति जिम्मेवार हुनेछन् तथा सरोकारवाला पक्षहरुका बीचमा चेतना, समन्वय र संजाल अभिवृद्धि भई भ्रष्टाचार नियन्त्रणमा सामूहिक एकवद्धता कायम हुनेछ । यसरी आयोगको संस्थागत सुदृढीकरण, निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक विधिद्वारा राष्ट्रिय विकास र सार्वजनिक सेवामा जनताको सरल एवम् सहज पहुँच हुनेगरी भ्रष्टाचार न्यूनीकरण भई अन्ततोगत्वा भ्रष्टाचारमुक्त र सदाचारयुक्त समाज निर्माण हुने अपेक्षा लिइएको छ ।

## दूरदृष्टि

भ्रष्टाचारमुक्त र सदाचारयुक्त समाज निर्माण ।

## लक्ष्य

राष्ट्रिय विकास र सार्वजनिक सेवामा जनताको सरल/सहज पहुँच हुने गरी भ्रष्टाचार न्यूनीकरण गर्ने ।

## उद्देश्य

आयोगको संस्थागत सुदृढीकरण, निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक विधि मार्फत भ्रष्टाचार न्यूनीकरण गर्नु ।

### रणनीति १

भ्रष्टाचारजन्य कार्यको पहिचान, अनुसन्धान र अभियोजन प्रभावकारी रुपमा गर्ने ।

#### नीतिहरु

(१) आधुनिक प्रविधिको उपयोगबाट अनुसन्धान र अभियोजन पद्धतिलाई वस्तुनिष्ठ र विश्वसनीय बनाउने ।

(२) भ्रष्टाचार निगरानी प्रणाली (Corruption Watch System) को विकास गरी अनुसन्धान एवं निगरानी गर्ने ।

(३) भ्रष्टाचारसँग सम्बन्धित सबै किसिमका सूचना व्यवस्थापन तथा इन्टेलिजेन्स संयन्त्र (Information Management and Intelligence Mechanism) सुदृढ गर्ने ।

(४) भ्रष्टाचारसम्बन्धी मामलाहरुको प्राथमिकीकरण गरी अनुसन्धान र अभियोजन गर्ने ।

### रणनीति २

कानूनी र संगठनात्मक संरचनाको सुदृढीकरण एवं परिचालन गर्दै भ्रष्टाचार नियन्त्रणमा सम्वद्ध पक्षहरुलाई जिम्मेवार बनाउने ।

#### नीतिहरु

(५) नीतिगत तथा संस्थागत भ्रष्टाचार न्यूनीकरण गर्न विभिन्न निकायहरुसँग समन्वय, साझेदारी तथा सहकार्य गर्ने ।

(६) सार्वजनिक निकायहरुलाई भ्रष्टाचार विरुद्ध उत्तरदायी बनाउँदै सशक्तीकरण गर्ने।

(७) भ्रष्टाचार निवारणसम्बन्धी विषयमा नवीनतम खोज, अध्ययन, अनुसन्धान गर्ने ।

(८) भ्रष्टाचारविरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय र सञ्जालीकरण गर्ने ।

### रणनीति ३

सरोकारवाला पक्षहरूका बीचमा चेतना, समन्वय, संजाल र ऐक्यवद्धता अभिवृद्धि गर्ने ।

#### नीतिहरु

(९) भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्ने।

(१०) भ्रष्टाचारविरुद्ध शासनका विभिन्न पक्षको सहभागिता र प्रतिवद्धता अभिवृद्धि गर्ने।

### रणनीति ४

आयोगको संस्थागत सुशासनको सुदृढीकरण र क्षमता अभिवृद्धि गर्ने।

#### नीतिहरु

(११) आयोगको संगठनात्मक संरचना, विधि, पद्धति, स्रोतसाधन सहित संस्थागत क्षमता सुदृढ गर्ने ।

(१२) भ्रष्टाचार विरुद्धको कानुनी र संस्थागत दायरा फराकिलो बनाउने ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं, पो.ब.नं. ९९९६
हटलाइन नं. १०७
टोल फ्रि नं. १६६०-०१-२२२३३
भाइबर/एसएमएस मार्फत : ९८६३३३३१९१
फोन नं. +९७७-०१-५२६२१५१, ५२६२११९,
५२६२१७३, ५२६२१०२, ५२६२०५९
फ्याक्स नं. +९७७-०१-५२६२१२८, ५२६२१०४
ई-मेल: ujuri@ciaa.gov.np
info@ciaa.gov.np